# संघीय संसद

# राष्ट्रिय सभा

# सोह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# ४ साउन २०८१

# शुक्रबार

# बैठक सङ्ख्या- २८

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १३:१८ बजे प्रारम्भ भयो।

(१३:२१ बजे)<u>सम्माननीय अध्यक्ष</u>:-माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ।

माननीय सदस्यहरू, प्रादेशिक सरोकार समयमा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त हुन आएको छ। अब म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु।

सर्वप्रथम, माननीय सदस्य सोनाम गेल्जेन शेर्पा। समय ८ मिनेट। त्यसपछि माननीय सदस्य उर्मिला अर्याल।

(१३:२२ बजे)<u>माननीय श्री सोनाम गेल्जेन शेर्पा (सभापति, संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति)</u>:- सम्माननीय अध्यक्षज्यू, सर्वप्रथमतः नेकपा एमालेका श्रद्धेय अध्यक्ष नेपालको सम्माननीय प्रधानमन्त्री नियुक्त हुनुभएकोमा वहाँहरूको कार्यकालको लागि हार्दिक बधाई ज्ञापन गर्दछु र सम्पूर्ण मन्त्रीज्यूहरूमा पनि वहाँहरूको सफलताको शुभकामना तथा कार्यकालको शुभकामना व्यक्त गर्दछु। देश अहिले अलिकति बाढी, पहिरो, अलिकति जोखिमयुक्त कारणले

देशले एउटा क्षति बेहोरिरहेको छ। यस क्षतिका साथसाथै मृत्युवरण गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात व्यक्तिहरूप्रति म यसै मञ्चबाट श्रद्धाञ्जली व्यक्त गर्दछु। र बाढी, पहिरो लगायत विपदमा परी साउन ३ गते दिउँसोसम्म १२५ जनाको मृत्यु भएको छ। कोशी प्रदेशमा २२ जना, मधेश प्रदेशमा ५ जना, वागमती प्रदेशमा २२ जना, गण्डकी प्रदेशमा ३८ जना, लुम्बिनीमा २३ जना, कर्णालीमा ७ जना र सुदूरपश्चिममा २ जना मृत्यु भएको छ। गृह मन्त्रालयको आपत्कालीन कार्यसञ्चालन केन्द्र अनुसार ५३ जना बेपत्ता छन्। चितवनको भरतपुर-२९ सिमलतालमा पहिरोले बस डुब्दा २ वटा बसको यात्रुमध्ये साउन ३ गतेसम्म २० जनाको लास फेला परेको छ। प्रहरीका अनुसार यो अवधिमा १८२ घर डुबानमा परेको, २२२ घर क्षतिग्रस्त भएको र ४३ पुल नष्ट भएको, १ विद्यालय र २ सरकारी कार्यालयमा क्षति पुगेको देखिन्छ। ५८५ वटा पशु चौपाया मरेको छ भने यस अवधिभरिमा ३७२१ परिवार विस्थापित भएको छ। यसलाई मोटामोटी रूपमा हेर्ने हो भने यो वर्ष हामीले आजसम्मको अवस्थामा यो क्षति वहन गरेका छौँ।र यो क्षति देशको लागि पनि ठुलो क्षति हो भन्ने हामीलाई लाग्दछ। र विपद् व्यवस्थापनमा हामीले किन ध्यान दिन सकेनौं भन्दाखेरि हामीले एउटा वैज्ञानिक प्रणालीबाट बस्तीहरूलाई स्थापति गर्न सकेनौं। र विगतमा हामीले के सोच्यौं भन्दाखेरि जहाँ बस्ती बस्छ त्यहाँ नै हामीले उपयुक्त ठाउँहरू छनोट नगरीकन बस्तीहरू बसायौं।र बस्ती बसाल्दाखेरि हाम्रो सडक संरचनादेखि लिएर हाम्रा विकासका संरचनाहरूलाई पनि हामीले एउटा वैज्ञानिकीकरण सकेनौं। विकासका नाममा हामीले डोजर लगाएर जहाँ पायो त्यहीँ बाटो खन्न थाल्यौं। जहाँ पायो त्यहीँ हामीले ब्लास्टिङ गर्न थाल्यौं। त्यसकारण अब सरकारले योतर्फ चाहिँ अलिकति ध्यान पुर्‍याएर हामीले कसरी बस्तीहरू निर्माण गर्ने, सहरहरू कुन ठाउँमा निर्माण गर्ने र बाटोहरू बनाउँदा कस्तो मापदण्ड अपनाउने भन्ने कुरा चाहिँ कार्यविधिबाट ल्याउनुपर्छ जस्तो मलाई लाग्दछ।

र अर्कोतर्फ हामीले सडक सुरक्षासम्बन्धी हामीले राष्ट्रिय सभामा सङ्कल्प प्रस्ताव ल्याएका थियौं। त्यो सङ्कल्प प्रस्तावलाई पनि मोटामोटी रूपमा हामीले सुरक्षालाई हेर्ने हो भने आजको जुन किसिमले चाहिँ मनसुन आइसकेपछि जुन किसिमको चाहिँ क्षति वहन गर्नु परिरहेको छ।त्योसँग पनि हामीले जोड्न सक्छौं। जुन किसिमले चाहिँ त्रिशुलीमा २ वटा बस खस्यो। त्यसलाई हामीले सडक सञ्जालसँग कसरी जोड्ने भनेर पनि हामीले हेर्न सक्छौं। जस्तै उदाहरणको लागि त्यो लेदो आउने ठाउँमा हामीले चाहिँ कस्तो खालको चाहिँ व्यवस्थापन गर्न सक्छौं त सडक बनाउँदाखेरि लेदो आउने ठाउँ कस्तो छ, बाढी आउने ठाउँ कस्तो छ भनेर हामीले त्यसलाई कसरी व्यवस्थित गर्न सक्छौं भनेर सडक प्रणालीबाट हामीले त्यसलाई बनाउन अलिकति एउटा मापदण्ड बनाउन सक्छौं। र कस्तो अवस्थाबाट चाहिँ सडकहरू सञ्चालन हुनपर्छ त? कस्तो वर्षा भएको अवस्थामा

हामीलाई एउटा खुसीलाग्दो कुरा के छ भन्दाखेरि अहिले एमएमएस हेर्नुहोस्, मौसम अनुमान विभागले हामीलाई एसएमएस गरिरहेको हुन्छ- यहाँबाट खोला यति सतह बढ्छ। महाकालीमा खोला यति बढ्छ भनेर एउटा चाहिँ हाम्रो चाहिँ ल्याउनेछ। तर कति नेपालीले त्यो एसएमएस हेर्छ र कति चाहिँ विश्वास गर्छ भन्ने कुरामा भर पर्छ। त्यसकारण हाम्रो सूचना प्रणालीहरू अलिकति विश्वासिलो बनाउनको लागि पनि अलिकति प्रचार प्रसारको जरुरी छ। हरेक मान्छेको हातमा फोन छ। तर आइरहन्छ। हामीले हेरिरहन्छौँ। हामीलाई के लाग्छ भन्दाखेरि हामी विश्वास गर्दैनौं। फेरि चल्छौं। तर विदेशमा के हुन्छ भन्दाखेरि कुनै पनि सरकारले सूचना दियो भने मान्छे यति सतर्क हुन्छ।जस्तै- उदाहरणको लागि नेपालमा कन्फ्लिक्ट भएको बेलामा अमेरिकाबाट यो ट्राभल एड्भाइजरीमा नेपाल घुम्न नजानु, नेपालमा सुरक्षित छैन भन्यो भने लगभग ९०% अमेरिकनहरू घट्छ र नेपालमा भ्रमण गर्न आउँदैनन्। त्यस्तैगरी अरु देशहरूको चाहिँ यो प्रणालीहरू त्यस्तो खालको चाहिँ जनतालाई विश्वासिलो प्रणालीहरूको चाहिँ विकास गरिरहेको छ भने हामीले पनि अब सरकारले यो प्रणालीहरूलाई चाहिँ अलिकति विश्वासिलो बनाउन जरुरी छ। हिजोभन्दा हाम्रो धेरै सिस्टमहरू राम्रो भएको छ। आज जुन किसिमले एसएमएसहरू आउँछ। जस्तै हामी हिजो अब त्रिशुलीमा चाहिँ मान्छे खस्दाखेरि हामीलाई के लाग्थ्यो भने पहिला मलाई लगभग लगभग २०/३० वर्षअगाडि के कुरा थाहा छ भने यहाँ गोताखोर नभएर हामीले बंगलादेशबाट गोताखोर ल्याएर चाहिँ हामीले त्रिशुलीमा चाहिँ लास खोज्नुपर्ने अवस्था थियो भने आज गोताखोर नेपालमै छ। सशस्त्र प्रहरीको गोताखोरले त्रिशुलीमा चाहिँ लास खोजिरहेको छ भने त्यो पनि एउटा उपलब्धिको रूपमा चाहिँ हामीले लिनुपर्छ।

त्यसकारण हामी खाली नेगेटिभ कुरामात्र गर्छौं र पोजिटिभ कुरा गर्दैनौं भन्दाखेरि केही उपलब्धिहरू भएको छ। तर हुँदाहुँदै पनि हामीले यसलाई न्यूनीकरण गर्नका लागि धेरै उपायहरू खोज्न जरुरी छ। योतर्फ पनि सरकारले सोचोस् भनेर म यहाँ राख्न चाहन्छु। र अर्को जुन किसिमले हाम्रो चाहिँ यो आपतकालीन उद्धारहरू छ, त्यसलाई दुरुस्त र उ राख्नको लागि हामीले अलिकति यसलाई जनरलाइज गरेर कुन ठाउँमा अब यो तथ्याङ्कले पनि देखायो। के देखायो भन्दाखेरि बाढी, पहिरोले यो ठाउँचाहिँ अलिकति जोखिमपूर्ण छ। आगोलागीले यो ठाउँ अलिकति जोखिमपूर्ण छ भनेर हामीले यसलाई चाहिँ क्याटेगोराइज गर्यो भने कुन ठाउँमा कुन चाहिँ उद्धार टोलीहरू राख्ने? कुन उद्धार टोलीहरू राख्यो भने हामीलाई उपयुक्त हुने भन्ने खालको चाहिँ अलिकति हामीले मूल्याङ्कन गरेर उद्धार टोलीहरू राख्न सक्यो भने यसले हाम्रो भविष्यमा बाढी, पहिरो, आगजनी लगायत धेरै कुराहरूलाई नियन्त्रण गर्न सक्छौं जस्तो हामीलाई लागेको छ।त्यसतर्फ पनि सरकारको ध्यान म आकर्षण गर्न चाहन्छु।

र जुन किसिमले आज बाढी, पहिरोहरूको सङ्कट छ यो ज्यादै जटिल छ। अब यो क्लाइमेट चेन्जले गर्दाखेरि हिमालमा भएको बाढी, पहिरोको कुरा मात्र नभई हिमालमा भएको हिमतालहरू फुट्ने सम्भावनाहरू धेरै देखिन्छ।किनभने हिमालमा भएको हिमतालहरू चाहिँ बरोबर पग्लँदै जाने र हिमतालहरू बढ्दै जाने र बढिसकेपछि त्यसको चाहिँ एउटा उचाई पुगिसकेपछि हिमालबाट झरेको केही वस्तु झर्यो भने त्यो हिमताल चाहिँ माथि आउने र माथि आइसकेपछि एकचोटि फुटेपछि चाहिँ त्यसले चाहिँ ठुलो विकराल अवस्था ल्याउने अवस्था पनि छ, त्यसतर्फ पनि म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। र अन्तमा फेरि एकचोटि म जुन किसिमले सरकारले चाहिँ यो अहिले जुन किसिमको चाहिँ विपद् व्यवस्थापनमा चाहिँ काम गरिरहेको छ। यसले मात्र पुग्दैन। यसलाई चाहिँ बढीभन्दा बढी अलिकति अझै युद्धस्तरमा हामीले चाहिँ काम गर्नको लागि सरकारसँग विनम्र अनुरोध गर्दै मेरा कुराहरूलाई यहीं टुङ्ग्याउँछु। धन्यवाद।

<u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य उर्मिला अर्याल। समय ९ मिनेट। त्यसपछि माननीय सदस्य कृष्ण बहादुर रोकाया।

(१३:३१ बजे)<u>माननीय श्री उर्मिला अर्याल (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्षज्यू, म सम्माननीय अध्यक्षज्यूमार्फत गत असार २८ गते रौतहट र वीरगञ्जबाट काठमाडौं आउँदै र काठमाडौंबाट फर्किंदै गरेका २ बसका यात्रुहरू त्रिशुली नदीमा परी बेपत्ता भएको खबरले अत्यन्त दुखी छौं हामी सबै नै। वहाँहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्दै म केही कुरा राख्न चाहन्छु।

यी दुर्घटनामा मृतक यात्रु र हराएका गरी लगभग ६० जना छन्। यो वर्ष मात्रै करिब ११५ जनाले यस राजमार्गमा ज्यान गुमाइसक्नुभएको छ। हालसम्मको खर्च र सरकारी बजेटको कुरै नगरौं। कहिलेसम्म राष्ट्रका यी सबैभन्दा महत्त्वपूर्ण राजमार्ग सुरक्षित र सकुशल तरिकाले बन्ने हो? लगभग ५ दशकको कसरतपछि पनि यस राजमार्गको १५० किलोमिटरभन्दा कम सडक खण्ड अझै सही तरिकाले बनेको छैन। यसो तथ्याङ्क निकाल्ने हो भने हाम्रै छिमेकी मुलुक भारतको उत्तराखण्ड र उत्तर प्रदेशमा नयाँ ६ लेनको राजमार्ग बनाउँदा औसतमा साँढे सत्र करोड नेपाली रु. प्रतिकिलोमिटर लाग्छ। र ४ लेनको एक्सप्रेस फ्लाइओभर बनाउँदा पनि हामीजस्तै पहाडी भूभागमै औसतमा ७० देखि ७५ करोड नेपाली प्रतिकिलोमिटर जति लाग्दछ। दैनिक ८००० सवारी साधन साना ठुला गरी हिंड्ने राजमार्गमा औसत साना ठुला सवारी साधनबाट प्रति सवारी ४०० रुपैयाँ मात्र कर उठाउने हो भने पनि वार्षिक १ अर्ब ३१ करोड ४० लाख उठ्दछ। यदि

१०० किलोमिटर पुरै खण्डमा फ्लाइओभर बनाउने हो भने पनि सरकारी बजेटबाहेक सवारी राजमार्गको करबाटै उठेको पैसाले साँढे ५ वर्षमै लगानी उठ्ने देखिन्छ। यस्ता एक्सप्रेस वेको आयु सरदर १०० वर्ष रहन्छ।म ईन्जिनियरिङ्ग एक्सपर्ट त होइन। तर के नेपालको माटो परीक्षणको लागि जियोटेक्निकल इन्जिनियरिङ्ग, पीचको लागि कन्स्ट्रक्सन मेटरियल, इन्जिनियरिङ्ग तथा मेकानिकल इन्जिनियरिङ्ग, सिभिल इन्जिनियरिङ्गको ज्ञान कहीँ हाम्रोमा कुण्ठित त रहेको छैन? भन्ने लाग्छ।थुप्रै वर्षका अनुभवहरू भइसके यी घटनाहरूको। यी सबै परिप्रेक्ष्यमा एकीकृत सोच एक ठाउँ योजनामा ढाल्न सकिएको छैन कि अथवा अनुसन्धान र डिजाइन पर्याप्त अनुसन्धानअनुसार योजना निर्माण हुन नसकेको हो? यी क्षेत्रमा हाम्रो ज्ञान अझै सीमिततामा रहेका त छैनन्? हामीले सोच्नुपर्ने बेला आएको छ। यस राजमार्गको सकुशल र सुरक्षित निर्माणको लागि, सुरक्षित यात्राको लागि बाढी, पहिरोले प्रभाव नपर्ने गरी विश्वकै उत्कृष्ट इन्जिनियरिङ्ग एक्स्पर्टहरूलाई अनुसन्धान गर्न लगाई राजमार्ग, सडक वा बाईपास निर्माण गर्नुपर्दछ।यो अनुभव हाम्रो नेपालको विज्ञ र कामदारहरूको लागि पनि सिक्ने अवसर र प्रेरणा हुनेछ। यस्ता संवेदनशील र महत्त्वपूर्ण निर्माण कार्य सरकार आफैंले सञ्चालन गरी सम्पन्न गर्न जरुरी छ। यसको मुख्य काम नेपालमा छुट्याएको बजेट ५०% पनि राम्रोसँग लगानी नहुने खुला सत्य ओपन सेक्रेट नै छ। साथसाथै सम्पूर्ण राष्ट्रमा निर्माण कार्यको लागि असार कुर्नुपर्ने चाहिँ ठीक होइन। चैत्र महिना अगाडि सकाउने र वैशाख मसान्त अगाडि मापदण्ड अनुसार बनेको, नबनेको मूल्याङ्कन जाँच सरकार आफैंले गर्नुपर्नेहुन्छ।

अन्तमा, नेपालको हरेक राजमार्गमा ३० मिनेटभित्र पुग्न सक्ने गरी मेडिकल इमर्जेन्सी ट्रिटमेण्टको लागि स्वास्थ्य केन्द्रको व्यवस्था हुनु जरुरी रहेकोले सो को व्यवस्था गर्न पनि अनुरोध गर्दछु। अब थप म केही कुराहरू राख्न चाहन्छु। अहिले म कहिलेकाहीँ पीएचडी गरिरहेको छु- पन्जाब युनिभर्सिटीबाट। त्यो सिलसिलामा म २/३ चोटि गएँ। रोडबाट पनि जानुपर्यो भनेर अमृतसरबाट दिल्लीसम्म पनि आएँ। त्यहाँ बुटअन्तर्गतमा हैन Build, Operate, Own and Transfer भनेर । बुट भनेपछि त्यो हो।बनाउने, उनीहरूले नै त्यसलाई own गर्ने, Operate गर्ने, त्यो रोडको ट्याक्स पनि वहाँहरू आफैंले उठाउने। र आफ्नो खर्च उठेपछि सर्टेन वर्षपछि चाहिँ सरकारलाई उनीहरूले हस्तान्तरण गर्ने। हामीले सकिराख्या छैनौं। कति वर्ष भयो ०३४/३५ सालमा म एनडीएस जाने बेलामा मुगलिनदेखि नारायणगढसम्मको सडक खन्न सुरु भएको। आज कति वर्ष भयो लाज लाग्छ हामीलाई। त्यति जाबो सडक पनि सँधै असुरक्षित, सँधै बनिरहेको, सँधै खिचिङमिचिङ के हो? ठेकेदारहरूको घर ठुल्ठुलो हुन्छ। त्यो भौतिक पूर्वाधार मन्त्रालयमा जाने हो भने तपाईं त भौतिक पूर्वाधार मन्त्री भन्ने हुन्छ। तर जनताचाहिँ सँधै एकदम पासोमा परिराख्ने र अनाहकमा ज्यान जाने घटनाहरूचाहिँ अत्यन्त दुर्दान्त र अत्यन्त लज्जास्पद विषय हो देशको

लागि। आज हामी साँच्चिकै जनताप्रति जिम्मेवार भएर उनीहरूको सुरक्षा उनीहरू मरेर गएको सबैको परिवार कसले पाल्ने अब? तिनका बालबच्चा कसले पाल्ने? स-साना नाति नातिनाहरू कसले हेर्ने? बुढा बाउ आमा घरमा छन्, छोराबुहारी नातिनातिना कसले हेर्ने? अब त्यो कल्ले कसरी हेर्ने? त्यसकारणले अलि जिम्मेवारीसाथ यदि हामी सरकारले आफैं हाम्रो भौतिक पूर्वाधार मन्त्रालयले काम गर्न सक्दैन। हाम्रो काम गर्ने गति छैन, ताल छैन, ठेकेदार लगाछ, दुनियाँभरि पैसा त्यसमा कमिसन चल्छ, दुनियाँ चल्छ र बनाउन सक्दैनौं भने बरु बुट अन्तर्गत विदेशी कम्पनीहरूलाई दिऔं रोड बनाउन अबदेखि। त्यो सोच बनाएर जाऔं। उसले बनाउँछ। आफ्नै खर्च लगाउँछ।ट्याक्सबाट पैसा उठाउँछ। उसले चाहिँ त्यसपछि एउटा सर्टेन वर्षपछि त्यो चीज हामीलाई हस्तान्तरण गर्छ। हैन? त्यहाँ अहिले हामी हाम्रै जस्तै एउटा भूगोल भएको उत्तराखण्ड, उत्तर प्रदेशतिर रोडहरू राम्रो बन्न सक्छ। हाम्रोमा किन नहुन सक्ने? किन हामीमा सँधै समय लागिरहन्छ? आज भन्नुस् त ३४/३५ दिन देखि आज ०८१ सालमा हामी छौं। कति वर्ष भयो त्यो रोड बनिरहेको? कहिल्यै पूरा हुँदैन। जुन रोड पनि जहिले पनि बनिरहेको। त्रिशूलीमा यो मुलुकको चाहिँ मुख्य सचिव माधव घिमिरे लगायत वहाँको दाजुभाई हराएको त्यो गाडी अहिलेसम्म फेला परेको छैन, मान्छेको लास फेला परेन। को को पासोमा पर्ने हो अझै। हामीले कति दिन पासो थाप्ने हो? नयाँ हिसाबले राष्ट्रले सोच्नुपर्छ। हाम्रो जियोटेक्निकल ईन्जिनियरिङ्ग, मेकानिकल ईन्जिनियरिङ्ग, सिभिल ईन्जिनियरिङ्गमा कहाँ कमी छ। त्यो कमी पक्षलाई अब हामीले नयाँ हिसाबले चाहिँ हिसाब गरौं र सक्दैनौं भने बाहिरबाट चाहिँ विज्ञहरू ल्याएर रोडको डिजाइनहरू गरेर बरु बुट अन्तर्गत नै हामीले अरु देशलाई बनाउन दिऔं। र रोडलाई फेरि हामी पछि हस्तान्तरण गरेर लिउँला। वहाँहरूले सर्टेन वर्ष चलाइसकेपछि कमसेकम देशमा रोड त गतिलो बन्छ। समयमा त बन्छ? जनताले अनाहकमा ज्यान फाल्नपर्ने अवस्था त आउँदैन। यो अत्यन्त मर्माहत र अहिले मलाई पीडा छ। मधेश प्रदेशकै दुईटा बस एउटा काठमाडौंबाट फर्किरहेको र एउटा चाहिँ रौतहटबाट आइरहेको यो दुईवटा बसमा चाहिँ त्यत्राले ज्यान गुमाए। आज धेरै बाउआमाले आफ्नो जवान छोराछोरी र नातिनातिनासमेत गुमाएर एक्लै एक्लै बस्नुपर्ने अवस्थामा मलाई फोन आइरहन्छ। हामी अब कसरी बाँच्ने। त्यत्रा हाम्रा सन्तानले छोरा, बुहारी, नाति, नातिना सिद्धिए भनेर। हैन यो चाहिँ अति दुर्दान्त, कहिलेसम्म हामी यस्तो चीजलाई जस्ताको तस्तै हेरिरहने, सहिरहने। यसलाई चाहिँ सरकारले अलि गम्भीरताका साथ लेओस्।अब नयाँ तरिकाले गएन भने यो मुलुकमा जनताहरू फेरि अर्को आन्दोलन र आक्रोशमा जानुपर्ने स्थितिहरू आउन सक्छ। त्यसकारण, यसलाई गम्भीरताका साथ लिऔं। यो मधेश सरोकारको विषयमा मात्र होइन, मधेश सरकारकोतर्फबाट बोले पनि मैले यो राष्ट्रकै सरोकारको रूपमा आज पहाडतिर पहिरोमा त्यत्तिकै मान्छे मरिरहेको छ। जहिले बाढी, पानीको बेला आयो। अनि त्यही बेलामा निर्माण फेरि किन

गरिराख्नुपर्यो? त्यो भन्दा अगाडि चैतभित्र निर्माण गरेर त्यसको चाहिँ मूल्याङ्कन गर्नुपर्ने स्थिति सिर्जना गर्नुपर्यो।केही न केही व्यवस्थित गरिसक्नुपर्यो। अनि त्यहाँ गाडीहरू पास गर्नुपर्ने ठाउँमा पनि सुरक्षा निकायलाई व्यवस्थित जहाँ जहाँ संवेदनशील छ, त्यो ठाउँमा चाहिँ तैनाथ गरेर राख्नुपर्यो कि परेन? यो हेर्दाखेरि हामी सबै गैर जिम्मेवार। सरकार मात्रै फेरिराख्ने, गरिराख्ने, चलाइराख्ने, सत्ता खाइराख्ने। सबैजना आफू चाहिँ ठुला ठुला महल बनाउने, ठुल्ठुला घर बनाउने, आफ्नो चाहिँ ५ पुस्तालाई पुर्याउने, जनता चाहिँ भोकै मरोस्, अकालमा मरोस्, जो मरोस् त्यसको वास्ता नगर्ने, नगरीकन अब सरकार चलाउने तरिका चाहिँ यो मुलुकको लागि अत्यन्त अहितकर र भोली यो देशको चाहिँ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य कृष्ण बहादुर रोकाय। समय १२ मिनेट। त्यसपछि माननीय सदस्य यसपछि माननीय सदस्य जयन्ती देवी राई।

(१३:४१ बजे)**<u>माननीय श्री कृष्ण बहादुर रोकाय (नेपाली काङ्ग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, भर्खरै मात्रै ०८१ साल असार ३१ गते मुलुकमा फेरि पनि सरकार परिवर्तन भएको छ ।र नवगठित नेपाल सरकारक प्रधानमन्त्री नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा नयाँ सरकार बनेको छ। म सर्वप्रथम सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली र वहाँको नेतृत्वमा रहेको मन्त्रिपरिषद्लाई म नेपाली कांग्रेस हाम्रो दलको तर्फबाट हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु।र सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु र सँगसँगै आज नेपाली जनताले जे अपेक्षा गरेका छन् यो सरकारबाट। मुलुकमा राजनीतिक स्थायित्व, सुशासन र हामीले १० वर्षमा अभ्यास गरेको जुन संविधान छ। र यो संविधानलाई हामीले अभ्यास गर्ने क्रममा अझै यसलाई वैज्ञानिक बनाउने कुरा, यसलाई चाहिँ पुनरावलोकन गर्ने कुरा पनि उठेको छ। यो विषयमा नेपाली जनताले एउटा खालको अपेक्षा र चासो राखेका छन्। यसमा सरकार सफल होस् भन्ने कुरा पनि म शुभकामना व्यक्त गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, आज हामी प्रादेशिक सरोकारको विषयमा बोलिरहेका छौं। कर्णाली प्रदेश २०७४ फागुन १२ गते नामकरण भई पहिलो प्रदेशसमेत घोषणा भएको प्रदेश हो।यो प्रदेशमा १० वटा जिल्ला पर्दछन् र १२ वटा संघीय निर्वाचन क्षेत्र, २४ वटा प्रदेशसभा निर्वाचन क्षेत्र छन् भने ७९ वटा स्थानीय तह २५ वटा नगरपालिका ५४ वटा गाउँपालिका र ७१८ वटा वडाहरू रहेका छन्। यस प्रदेशमा व्यक्तिको प्रतिव्यक्ति आय ९६४ अमेरिकी डलर मात्रै रहेको छ। प्रदेशको होचो भूभाग कर्णाली र भेरी नदीको दोभान जामुन कुइनेसी १८० मिटर

र अग्लो डोल्पा जिल्लाको चुरेन हिमाल ७३४८ मिटर रहेको छ।यस प्रदेशमा खेतीयोग्य १३२ प्रतिशत वन क्षेत्र ३८.५७ प्रतिशत हिमक्षेत्र २४.५५ जलक्षेत्र ०.१८ प्रतिशत बाँझो भूमि ३१.७ प्रतिशत र राष्ट्रिय निकुञ्जले ५ प्रतिशत भूभाग ओगटेको छ। यो प्रदेश देशको प्रादेशिक सम्पदा र पर्यटकीय सम्भावनाको दृष्टिले उच्च स्थानमा रहेको छ। यहाँ सबभन्दा बढी बहुआयामिक गरिबी रहेको छ। कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा कम योगदान रहेको प्रदेश हो। जडिबुटीको लागि यो क्षेत्र नेपालकै प्रमुख रूपमा परिचित छ। यो प्रदेशको प्राकृतिक सम्पदा र दृष्टिले चाहिँ हाम्रो एउटा खालको सम्भावना बोकेको प्रदेश नेपाली भाषा र सभ्यताको उद्गमस्थलको रूपमा रहेको जुम्लाको सिंजा उपत्यका पनि यही प्रदेशको गौरवमय इतिहास बोकेको क्षेत्र यही प्रदेशमा रहे पनि मानव विकास सूचकाङ्कमा देशकै पछाडि परेको प्रदेश हो, क्षेत्र हो। कर्णाली प्रदेशको आर्थिक विकासमा महत्त्वपूर्ण टेवा पुर्याउन सक्ने प्रशस्त मात्रामा सम्भावना बोकेको प्राकृतिक, सांस्कृतिक र ऐतिहासिक सम्पदा पर्यटन क्षेत्रका कारणले प्रदेशको आर्थिक विकासमा ठुलो योगदान दिन सक्ने सम्भावना बोकेको प्रदेश हो। यस्तो सम्भावना बोकेको भएता पनि यहाँका प्रचुर सम्भावनाहरू निकै ओझेलमा परिरहेका छन्। विशेषगरी डोल्पा जिल्लामा पर्ने नेपालका गहिरो शे फोक्सुण्डो ताल, नेपालकै ठुलो मुगु रारा ताल, रुकुम पश्चिमको कुभिण्डे ताल र सुर्खेतको बुलबुल तालहरू रहेका छन्।

यो प्रदेशमा १० वटै जिल्लाले कुनै न कुनै पहिचान बोकेका छन्। सुर्खेतको काँक्रिबिहार, देउती बज्यै र लाटी कोइली, दैलेखको मध्यपश्चिम हुँदै बग्ने चाहिँ छामघाट खोला, पूर्वी भेग हुँदै बग्ने चाहिँ लोहर खोलाको संगम स्थल चुप्रा, दुल्लु क्षेत्रको पञ्चकोशी तीर्थस्थल, श्रीस्थान, नाब्रिस्थान, जाजरकोटको मालिका गुफा, भकारे दह, जुम्लाको चन्दननाथ मन्दिर, भैरवनाथ मन्दिर। त्यस्तै मुगुको रारा राष्ट्रिय निकुञ्ज, राष्ट्रिय चरा डाँफे, कालिज, कस्तुरी लगायतका जनावरको बासस्थान रहेको छ। हुम्ला जिल्लामा धार्मिक स्थलहरूको बाहुल्यता रहेको छ। बौद्ध धर्मावलम्बीहरूको बसोबाससमेत रहेको रलिङ गुम्बा, हिन्दूहरूको प्रचलित मन्दिर खार्पुनाथ महादेव मन्दिरलगायतका मन्दिरहरू छन्।

डोल्पा जिल्लाबाट विभिन्न हिमालहरूको प्रत्यक्ष अवलोकन गर्न सकिन्छ। प्रमुख पर्यटकीय स्थलहरूको रूपमा नै शे फोक्सुण्डो ताल हो। यसका अलावा धार्मिक तथा पर्यटकीय सम्पदाहरूको थुप्रै ठाउँहरू चाहिँ त त्यस्ता प्रशस्त ठाउँहरू छन्। कालीकोटमा त्रिवेणीधाम, चुलीमालिका, पुंगमालिका, महादेव शिव मन्दिर, देउरा पाटन र पचाल झरना रहेका छन्।रुकुम पश्चिममा स्यार्पु ताल, प्रसिद्ध डिग्री साइकुमारी मन्दिर, साँग दह, सानी भेरी, ठुली भेरी, मौरा ..... लेक, सिद्ध गुफा, चौरजहारी फाँट र मुसी डाँडा आदि प्रसिद्धस्थलहरू रहेका छन्। सल्यानमा कुपिण्डे दह, खाराबाङ

भगवती मन्दिर, छत्रेश्वरी कालिका मन्दिर, छायाँक्षेत्र आदि रहेका छन्। डोल्पा जिल्लामा बहुमूल्य जडिबुटीहरू यार्सागुम्बा, पाँचऔंले, चिराइतो जस्ता जडिबुटी पाइन्छ।

साथै राष्ट्रिय गौरवका आयोजनाहरूमध्ये मध्यपहाडी लोकमार्ग, भेरी करिडोर, कर्णाली करिडोर लगायतका महत्त्वपूर्ण आयोजना यसै प्रदेशमा पर्दछन्। यी सडक सञ्जाललाई छिटोभन्दा छिटो सम्पन्न गरी पर्यटकीय हब, अमूल्य जडिबुटी र अपार जलस्रोतको चाहिँ सदुपयोग गर्न सकियो भने शीघ्र कर्णालीको समग्र विकास गर्न सकिन्छ।

सम्माननीय अध्यक्ष महोदय देशमा अहिले मनसुन सक्रिय भए लगत्तै अविरल वर्षाका कारण देशभरि बाढी, पहिरो, डुबानका कारण थुप्रै मानवीय, भौतिक क्षतिहरू भएका छन्। र त्यसमा पनि यो कर्णाली प्रदेश जहाँ चाहिँ २०८० कार्तिक १७ गते राती गएको भूकम्पबाट जाजरकोट, रुकुम र सल्यान अत्यन्त बढी प्रभावित क्षेत्र भयो।र त्यसमा आज चाहिँ बढी चाहिँ तपाईंको चाहिँ क्यारे त्यो तीनवटै जिल्ला बढी पीडामा रहेका छन्। अस्ति भर्खर २०८१ असार २७ गते काठमाडौंबाट रौतहट गौर जाँदै गरेको ०३००१ ख २४९५ नम्बरको गणपति डिलक्स बस र वीरगञ्जबाट काठमाडौं जाँदै गरेको वागमती प्रदेश ०३००६, १५१६ नम्बरको एञ्जल यातायातका २ वटा बसलाई भरतपुर महानगरपालिका-२९ मा पहिरोले बगाएर त्रिशूली नदीमा पुर्याएको थियो।उक्त घटनामा परेका मध्ये १९ जनाको मात्र शव फेला परेको र बाँकीको बससहित अझै अज्ञात छ।

त्यस्तै पोखरा महानगरपालिका-१९ तल्लोका ठाँटेमा ढुङ्गा माटोका कच्ची घर राती १० बजे पहिरोले बगाउँदा एकै पहिरोका ७ जनाको ज्यान गएको छ। २०८० कार्तिक १७ गते राति गएको भूकम्पबाट प्रभावित रुकुम पश्चिम जिल्लामा २०८१ असार ३१ गते राति परेको अविरल वर्षाका कारण आठबीसकोट नगरपालिका १२ को झिमचौर खोला, तातोपानी खोला र खेतखोलामा आएको बाढीले धेरै ठुलो मानवीय क्षति तथा भौतिक क्षति पुर्याएको छ। उक्त घटनामा परी आठबीसकोट नगरपालिका १२ बस्ने वर्ष ३८ को डिल्ली बहादुर बुढाथोकी बेपत्ता भएको र खोजी कार्य निरन्तर भइरहेको छ भने सोही नगरपालिका वडा नं. १२ कै वर्ष ८ की धनिषा पुन, वर्ष १० की हितमाया पुन र ऐजन बस्ने वडा नं. १० वर्ष ४ की मनिषा सार्कीको घटनास्थलमै मृत्यु भएको छ। मिति २०८१ श्रावण ४ गते सोही नगरपालिका १२ का काफलचौरस्थित काफलचौर खोला तर्ने क्रममा सोही नगरपालिका १२ बस्ने वर्ष ५५ का चन्द्र पुनलाई खोलाले बगाई मृत्यु भएको छ। त्यस्तै ऐजन वडा नं. १२ बस्ने अन्दाजी १२ वर्ष २२ को मनिषा पुन, अन्दाजी वर्ष २८ को धनमाया पुन, ऐजन बस्ने अन्दाजी वर्ष १० को विजय सार्की, ऐजन बस्ने अन्दाजी वर्ष ४ को मेक्सन पुन, वर्ष २९ को जनक खत्री, ऐजन बस्ने वर्ष ६५ को कल्पना कामी घाइते भई नगर अस्पताल आठबीसकोटमा उपचार भइराखेको छ। उक्त घटनाका मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली

अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछु। साथै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

सम्माननीय अध्यक्ष महोदय, उक्त घटनाबाट आठबीसकोट नगरपालिकामा ४५ घर परिवार विस्थापित भएका छन् भने १५५७ परिवार सङ्ख्या उच्च जोखिममा रहेका छन्। त्यस्तै बाफीकोट गाउँपालिकामा ३०० घर परिवार विस्थापित भएका छन् भने ५४ घरपरिवार उच्च जोखिममा रहेका छन्। र मुसीकोट नगरपालिकामा ५० घरपरिवार सङ्ख्या गरी जम्मा ४८ घरपरिवार विस्थापित भएका छन् भने १६६१ घर परिवार सङ्ख्या उच्च जोखिममा रहेका छन्। सम्माननीय अध्यक्ष महोदय, मृतक र बेपत्ता परिवारलाई शीघ्र राहत, बेपत्ताको खोजी कार्य र विस्थापित तथा उच्च जोखिममा रहेका घर परिवारलाई सुरक्षित ठाउँमा स्थानान्तरणको लागि व्यवस्थापन गर्न सम्माननीय अध्यक्षमार्फत नेपाल सरकारलाई म आग्रह गर्न चाहन्छु।

र साथै आज पनि चाहिँ त्यहाँको जनजीवन अत्यन्त कष्टकर बनिरहेको छ र चाहिँ तपाईंको चाहिँ सम्पूर्ण जुन चाहिँ भूकम्पको कारणले त्यहाँको जमिन चाहिँ हल्लिएको छ। भुगोलमा चाहिँ सम्पूर्ण चाहिँ बस्ती बस्तीमा चिरा चिरा परेको छ। र त्यहाँका सबै चाहिँ मान्छेहरू जसरी चाहिँ बसोबास गरिरहेका मानिसहरू चाहिँ आज आतङ्कित भइरहेका छन्। त्यहाँको स्थानीय प्रशासन, त्यहाँको स्थानीय सरकारहरूले आफ्नो स्रोत, साधनबाट हुन सक्ने व्यवस्था गरिरहेका छन्। तर पनि चाहिँ त्यहाँको चाहिँ त्यो मैले भनेको चाहिँ झण्डै झण्डै १६०० घरपरिवार अत्यन्त जोखिममा रहेको र त्यो चाहिँ जोखिम त अझ बढ्ने क्रम रहेको हुनाले तत्कालै चाहिँ सरकारले यदि चाहिँ तपाईं चाहिँ अर्को चाहिँ अस्थायी बसोबास र स्थानान्तर गर्न यदि त्यो अवस्था चाहिँ सरकारले गर्न सकेन भने त्यहाँ धेरै ठुलो चाहिँ मानवीय क्षति हुने सम्भावनातिर पनि म सरकारको ध्यान आकर्षण गराउन चाहन्छु।

र सम्माननीय अध्यक्षज्यू, आज जाजरकोटको अवस्था आज त्यही छ। र सल्यानमा पनि आज त्यही खालको कुरा भइरहेको हुनाले म फेरि पनि अनुरोध गर्न चाहन्छु सरकारलाई कि आज चाहिँ जो अहिलेको चाहिँ त्यहाँ राहत, सामान्य चाहिँ त्यहाँ राहतहरू बाँडिएका छन्। त्यहाँका स्थानीय संघसंस्थाबाट पनि राहतहरू बाँडिएको छ। स्थानीय सरकारबाट राहत बाँडिएको छ। तर त्यो राहतचाहिँ पर्याप्त छैन। आज चाहिँ जो घरबारविहीनहरू भएका छन् ती मान्छेहरू चाहिँ गएर चाहिँ आज विद्यालयमा गएर त्यहाँको वृद्धाश्रम लगायतका भवनहरूमा बसिरहेका छन् र ती भवन पनि पर्याप्त छैनन्। हिजो मात्र हामीले चाहिँ गृह मन्त्रीलाई भेटेर अनुरोध गरेका छौं। कि अब चाहिँ त्रिपालबाट त्यो समस्या समाधान हुनसक्ने अवस्था छैन। त्यसकारण सम्माननीय अध्यक्ष महोदय कि चाहिँ त्यहाँ अब सरकारले तत्कालै चाहिँ टेण्टहरू त्यहाँ चाहि झण्डै झण्डै अहिले चाहिँ

४८/५० घर जो अहिले चाहिँ त्यहाँ गएर वृद्धाश्रम लगायतका खाली चाहिँ सरकारी भवनहरूमा बसिरहेका छन्। र त्यो बाहेक अन्य चाहिँ जोखिममा भएका घर परिवारका निम्ति टेण्टको व्यवस्था तत्काल चाहिँ गर्न पर्दछ र यदि त्यो टेण्टको व्यवस्था गर्न सकिएन भने त्यो त्रिपालबाट त्यहाँको जनताको त्यो समस्या समाधान हुनसक्ने अवस्था छैन र सँगसँगै आज जुन खोलाबाट चाहिँ जुन क्षति भयो। र चाहिँ त्यो आठबीसकोट नगरपालिकाको चाहिँ जुन सिम बजार छ। त्यो सिम बजार पनि अत्यन्त जोखिममा छ। त्यहाँका ८/१० वटा घरहरूलाई खोलाले तानिसकेको छ। र अरु थुप्रै घरहरू चाहिँ चर्केका छन् र त्यो बजारका थुप्रै मान्छेहरू आतङ्कित छन् र ती मान्छेहरू गएर आज अर्काको घरमा आफन्तको घरमा गएर बस्ने कामहरू भइरहेको छ। त्यसकारण ती मान्छेहरूलाई सुरक्षित ठाउँमा स्थानान्तर गर्ने, टेण्टमा राख्ने र अन्य कुनै चाहिँ उसमा चाहिँ व्यवस्था गर्नको निम्ति म फेरि चाहिँ सम्माननीय अध्यक्षमार्फत म नेपाल सरकारलाई आग्रह गर्न चाहन्छु। र अझ चाहिँ तपाईंको चाहिँ यहाँको गृह मन्त्रालयको एउटा चाहि टिमै पठाएर यो भन्दा पहिला मैले धेरैपटक यो रोष्टमबाट भनें कि मैले तत्कालै चाहिँ सरकारले जहाँ त्यस्ता भूगोल चाहिँ कमजोर भएको ठाउँहरू छन् त्यसको सम्भाव्यता अध्ययन गरेर तत्कालै चाहिँ त्यो व्यवस्था सरकारले यो वर्षात् सुरु हुनुभन्दा पहिला, मनसुन सुरु हुनुभन्दा पहिला गर्नपर्छ भनेर मैले धेरैपटक मैले पहिलेको सरकारलाई आग्रह गरें। सरकारले त्यो कुरा चाहिँ सुनेन। जसको कारणले आज यो परिणाम आज रुकुमका जनताले, जाजरकोटका जनताले र सल्यानका त्यो भूकम्प पीडित जनताले आज त्यो कुरा चाहिँ भोगिरहेका छन्। त्यसकारण म फेरि पनि गम्भीर रूपमा चाहिँ मैले यो ध्यानाकर्षण गराएँ। र सम्माननीय अध्यक्षमार्फत अहिलेको सरकारलाई म आग्रह गर्न चाहन्छु कि त्यहाँको चाहिँ थप यो जुन मानवीय क्षति भएको छ। यो भन्दा चाहिँ थप मानवीय क्षति नहोस्। यति कुरा चाहि आग्रह गर्दै म चाहिँ आफ्नो भनाइ यहीँ अन्त्य गर्न चाहन्छु। धन्यवाद। जय नेपाल।

<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य जयन्ती देवी राई। समय ६ मिनेट। त्यसपछि माननीय सदस्य मोहम्मद खालिद ।

(१३:५३ बजे)<u>माननीय श्री जयन्ती देवी राई (सभापति, विधायन व्यवस्थापन समिति)</u>:- सम्माननीय अध्यक्ष महोदय, कोशी प्रदेश १४ वटा जिल्ला रहेको प्रदेश हो। जहाँ धेरै पहाडी भेग रहेको अहिले सबै पहाडी क्षेत्रहरूमा कुनै पनि जिल्ला त्यस्तो छैन कि पहिरो, बाढी नगएको र तराईका केही सबै ठाउँहरूमा चाहिँ एकदमै धेरै बाढीले चाहिँ पूरै बस्तीहरू चाहिँ तहसनहस बनाइरहेको स्थिति छ। र २२ जनाको मृत्यु भइसकेको छ कोशी प्रदेशमा। र अहिले चटयाङ्बाट

पनि उदयपुरमा १ जनाको मृत्यु भइसकेको छ। त्यसकारणले सबै देशभरि नै आज यो बाढी पहिरोले गर्दा धेरै मानवीय क्षति, भौतिक क्षति भइरहेको स्थितिमा आज हामीलाई थाहा छ असारको २८ गते २ वटा बस जहाँ पहिरोले बगायो। अहिले बस पनि हामीले फेला पारेका छैनौं। लास पनि हामीले सबैको फेला पारिरहेको छैनौं। र अहिले ५०० सुरक्षाकर्मीहरूले एकदमै तल्लीनका साथ खटिइरहेको स्थिति हुँदाहुँदै पनि हामीले त्यहाँ पनि केही पनि अहिलेसम्म त्यसको डिटेल रिपोर्ट ल्याउन सकिरहेका छैनौं। त्यसकारणले अहिले हामी देशैभरि हेर्दाखेरि अहिले यो १२५ भन्दा धेरै चाहिँ मान्छेहरूको मृत्यु भइसकेको छ। यो अत्यन्तै दुःखद् घटना हो। र अहिले कैयौंको सङ्ख्यामा चाहिँ घाइतेहरू भएका छन् । बेपत्ता भएका छन् । घरबारविहीन भएका छन्। र त्यत्तिकै जोखिममा रहेको छ। त्यसकारणले म आज सम्पूर्ण मृतकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। साथै वहाँका शोकाकुल परिवारजन जहाँ भावविह्वल हुनुभएको छ। वहाँहरूलाई गहिरो समवेदना प्रकट गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु र बेपत्ता भएकाहरूलाई पनि एउटा खोजी जारी होस् भन्ने सरकारसँग म आग्रह गर्न चाहन्छु। र आज केही स्थानीय सरकारले उनीहरूलाई केही रेस्क्यू गरिरहेको स्थिति छ।तर पनि त्यसले पुगेको छैन।त्यसकारणले सरकारले अहिले तत्काल उनीहरूलाई सुरक्षित बसोबासको स्थिति पनि तत्काल गराउनुपर्दछ भन्नेमा ध्यानाकर्षण गराउन चाहन्छु । र यो वर्षा रोकिने अवस्था छैन। र यसले अझै पनि धनजनको क्षति पुर्याउने अवस्था हामीले देखेका छौं। त्यसकारणले यी कुराहरूलाई अगाडि नै सचेतना अपनाई सरकारले यसलाई एकदम सुरक्षित बसोबासको निम्ति चाहिँ ध्यान केन्द्रित होस् भन्न म चाहन्छु।

र सम्माननीय अध्यक्षज्यू म अर्को कुरा गर्न चाहन्छु कि हामी नेपालीहरू जहाँ रोजगारीको सन्दर्भमा एक दिनमा १००० देखि १५०० सम्मको चाहिँ हामी देश छोडेर जान्छौं। जहाँ जान्छौं हामी भन्ने बित्तिकै रोजगार पाउँदैनौं। बिरामी हुँदा उपचार हुँदैन। हामी घर आउँदाखेरि टिकट काट्ने पैसा हुँदैन। टिकट काटेर आउनसक्ने स्थिति छैन। मर्दाखेरि लास ल्याउन सक्ने अवस्था छैन। आज यति धेरै चाहिँ अभावै अभाव र यति धेरै चाहिँ पीडा बोकेर युवाहरू आज विदेशमा बाँचिरहेका छन् त्यसमा पनि महिलाहरू झन् बढी मात्रमा पीडित देखिन्छ। जहाँ अवैधानिक जहाँ चाहिँ प्रतिबन्ध गरिएको मुलुकहरूमा यहाँका दलालहरूले महिलाहरूलाई लगेर चाहिँ बेच्ने, पैसा कमाउने माध्यमको रूपमा उनीहरूलाई प्रयोग गरिरहेको छ। त्यसै सन्दर्भमा कैलाली जिल्लाको धनगढी महानगरपालिकाको सानी आले मगर र त्यसरी नै दाङको तुलसीपुरको चाहिँ मगरलाई चाहिँ कुबेतमा चाहिँ दलालहरूद्वारा लगियो। त्यहाँ उनीहरूले चाहिँ अब काम रोजगार पाउने भन्दा पनि उनीहरूलाई चाहिँ विभिन्न किसिमको हिंसा गरियो। र उनीहरूलाई शारीरिक, मानसिक टर्चर

दिएर दिनप्रतिदिन उनीहरू प्रताडित हुने स्थिति सिर्जना भयो। र उनीहरूको श्रीमान्, उनीहरूको परिवार आज मानसिक रूपमा साँच्चै विक्षिप्त छ। त्यसकारणले आज उनीहरूले पटक पटक सामाजिक सञ्जालमार्फत हामी नेपाल फर्कन्छौं भनेर उनीहरूले अपिल राख्दा पनि उनीहरू फिर्न सकेको अवस्था छैन। त्यसकारणले आज विभिन्न संघ संस्थाहरूले पहल गर्दा पनि उनीहरू अहिले आउन सकेको छैन। त्यसकारणले म उनीहरूलाई एकदमै सुरक्षित ढङ्गले छिटोभन्दा छिटो रेस्क्यू गरेर नेपाल फर्काइयोस् भनेर म सरकारको गम्भीर ध्यान आकर्षण गराउन चाहन्छु। त्यसमा पनि परराष्ट्र मन्त्री र श्रम मन्त्रीज्यूको चाहिँ बढी मात्रामा म ध्यान आकर्षण गराउन चाहन्छु। र यो त एउटा प्रतिनिधि पात्र मात्रै हो। आज धेरै भन्दा धेरै महिलाहरू आज त्यहाँ चाहिँ विभिन्न हिंसाको शिकार बन्नुपर्ने अवस्था छ।काम गर्ने नाममा र यही सन्दर्भमा मैले आफूले दु:ख व्यक्त गर्नैपर्छ। यही सन्दर्भमा हामी केही महिला सांसदहरू हामीले यो छिटो भन्दा छिटो गर्नपर्ने अवस्था भएर यो रेस्क्यूको निम्ति हामी हिजो परराष्ट्र मन्त्रालयमा गएका थियौं ध्यानाकर्षण पत्र बोकेर। तर त्यहाँ चाहिँ मिटिङ्ग, बैठक छ भनेर हामीले धेरै तल पर्खौं, तलै गेटबाट हामी फर्कौं। र हामीले भन्यौं कि हामी आज पनि भेट्छौं तपाईंलाई, तुरुन्तै चाहिँ यसको व्यवस्था मिलाउनुस् भन्दाखेरि, भरे हामी समय मिलाएर बोलाऔंला भन्नुभयो तर त्यसको कुनै जवाफ आएन। त्यसकारणले आउँदा दिनहरूमा यस्ता किसिमको काम नहोस्। र मैले एकदमै धेरै अनुरोध गर्न चाहन्छु। र नेपाली महिलाहरूको एउटा आफ्नो जनताहरूको चाहिँ एउटा त्यस्तो किसिमको बेहाल अवस्थामा हुँदाखेरि सरकारले ध्यान दिनु पर्छ कि पर्दैन? र दिनुपर्दछ भन्ने म यो रोष्टमबाट भन्न चाहन्छु र यहींबाट म सम्पूर्ण दिदीबहिनीहरूलाई सचेतना अपनाउनुस् र तपाईंहरू पनि राम्रो बुझेर मात्र जानुस्। जानेर मात्रै जानुस् र यस्ता षडयन्त्रकारीहरूको चाहिँ एउटा कब्जामा नपर्नुस् भन्न चाहन्छु । साथै यो विदेश जाने कुरामा चाहिँ जुन रोक लगाउनको निम्ति सरकारले छिटोभन्दा छिटो चाहिँ एउटा धेरै रोजगारीको सिर्जनाहरू पनि अवसरहरूको पनि पैदा गरोस् भन्न चाहन्छु । धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य मोहम्मद खालिद। समय ५ मिनेट। त्यसपछि माननीय सदस्य शेखर कुमार सिंह ।

(१४:०० बजे)**माननीय श्री मोहम्मद खालिद (जनता समाजवादी पार्टी नेपाल)**:- सम्माननीय अध्यक्षज्यू, सबभन्दा पहिले यो वर्षा याममा अविरल वर्षाको बीचमा विभिन्न ठाउँमा हाम्रा दर्जनौं नेपालीको अकाल मृत्यु भएको छ, त्यसप्रति गहिरो दु:ख व्यक्त गर्न चाहन्छु। यदि हाम्रो विपद् व्यवस्थापनले पहिलादेखि नै अझ सतर्क भएर तदारुकताका साथ लागेको भए सायद घटनाहरूलाई

हामी न्यून पार्न सक्थ्यौं। म नवगठित सरकार र सरकार प्रमुख र मन्त्रीज्यूहरूलाई पनि बधाई तथा शुभकामना दिन चाहन्छु र वहाँहरूको सफल कार्यकालको शुभकामना गर्न चाहन्छौं। अब त सायद विगतका सरकार जस्ता सरकार टिकाइराख्ने सकसको अवस्था उनीहरूलाई भोग्न पर्दैन होला। त्यसले गर्दा अब जनताले पनि सरकार छ र सरकारले काम गरिरहेको छ भन्ने अनुभूति पाउँछ भन्ने मैले आशा लिएको छु।

आज प्रादेशिक सरोकारको विशेष समय हो।म यसबारेमा के भन्न चाहन्छु भने संघीयता कार्यान्वयन नहुँदा विभिन्न कोणबाट देशमा संघीयता चाहिँदैन, यो खर्चिलो भयो, यो देशको अर्थको लागि ठीक छैन भन्ने कुरा आइराखेको छ। जब कि हामीले दिने अधिकार प्रदेशहरूलाई अहिलेसम्म दिएका छैनौं। २०७५/०७६ मा जुन हामीले प्रदेशहरूका लागि बजेट विनियोजन गरेका थियौं। त्यतिबेला र आजको संघको बजेट हामी हेर्छौं भने ५ खर्बको वृद्धि भएको छ। जबकि प्रदेशको यो अवधिको बजेटलाई यदि हामी हेर्छौं भने २७ अर्ब कम गरेको छ संघले। यो प्राकृतिक नियम विपरीत छ यो कुरो। संघको बजेट बढ्नु र प्रदेशको बजेट घट्नु।

यसै सदनका हाम्रा पूर्व माननीय डा. खिमलाल देवकोटाको भनाइ प्रदेश चलायमानको पहिलो र सूत्र संविधान प्रदत्त अधिकार कार्यान्वयन हो । आफ्ना कर्मचारी, प्रहरी, वित्तीय स्रोत र साधन, कानुन, आदि हुन् को वातावरणको निर्माण हो। योसंग म सहमत छु। साथै प्रदेशहरूलाई दिएको संविधानको धारा ५६ मा दिएको अधिकारको कार्यान्वयन पनि जरुरी छ। प्रदेशलाई यदि हामी हेर्छौं भने कर्मचारी छैन, एघार हजार कर्मचारीको नियुक्ति रिक्त छ। प्रहरीको समायोजन भएको छैन। निजामती ऐन अहिले पास नभएको कारणले गर्दा पनि प्रदेशमा समस्या भइरहेको छ। भन्दाखेरि आज प्रदेशको समस्या पञ्चायतकालका जिल्ला विकास समिति वा जिल्ला पञ्चायत भन्दा माथि छैन। त्यसलाई अधिकार सम्पन्न बनाउनको निम्ति नयाँ सरकारले अनिवार्य रूपमा ध्यान दिनेछ र नभएका कामहरूलाई निजमाती ऐनलाई पारित गराउन, प्रहरी समायोजन, आदि विषयतिर ध्यान दिने छ भन्ने म आशा लिएको छु। धन्यवाद।

<u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य शेखर कुमार सिंह। समय ५ मिनेट। त्यसपछि माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा।

(१४:०५ बजे)<u>माननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रिक समाजवादी पार्टी नेपाल)</u>:- सम्माननीय अध्यक्ष महोदय, यस असार र श्रावण निश्चित रूपमा श्रावण सुरु नै भएको छ। असार अलिकति हामी नेपाल र नेपालीको लागि राम्रो रहेन रहेछ जस्तो फिलिङ भयो के। प्राकृतिक

विपत्तिले हामीलाई धेरैले ज्यान उत्सर्गसम्म गर्न लगाइयो। र त्यस शोकाकुल परिवारप्रति हामी शोकमा डुबेका सबै शोकजन परिवारप्रति हार्दिक समवेदना छ। संगै हामीले यही असारमै नयाँ सरकार पनि पाएका छौं। नवनियुक्त सरकारलाई सम्माननीय प्रधानमन्त्रीज्यूको नेतृत्वमा पाएको सरकारको कार्यकाल सहज र सफलतापूर्वक चलोस्, त्यसको लागि हार्दिक शुभकामना दिन चाहन्छु। संगै सम्माननीयज्यूको नेतृत्वमा आउनुभएका मन्त्रीज्यूहरू पनि त्यसै गतिमा जानुहुन्छ भनेर हामी आशा पनि गरेका छौं।

सम्माननीयज्यू, प्रादेशिक अवस्थामा आउँदा आउँदै कुनै बेलामा हामीले वर्षाले तवाहा गरेको हुन्छ भने त अब अहिले नै सिरहा, सप्तरी, मधेशकै भूभागहरू अब पानीको अभावमा किसानले खेत रोप्न सकिराख्या छैन। चन्द्र नहर जस्तो व्यवस्थित नहरलाई अब हामी यसै वर्षायाममा निर्माण काम सुरु राख्छौं भने त किसान कहिले धान रोप्न जाला? टाइम टाइममा बन्द भइराख्या छ। हामी सम्झना रहोस् ती जिल्लाहरू हुन् जो आफ्नो उत्पत्तिको चावल बनाएर बंगलादेशसम्म पुर्याएको ठाउँ हो। आज त्यही जिल्लाहरूमा, त्यसै ठाउँहरूबाट चावल किनेर खानुपरेको अवस्था छ। त्यसको निराकरणतर्फ सरकार निश्चित रूपमा गम्भीर रहनेछ भन्ने मैले आशा राख्या छु। साथै खोलै खोलाले भरिएको जिल्ला भन्दिए पनि सप्तरीलाई हुन्छ। कोशीदेखि सुन्दरी, मोहली जति नाम लिँदा पनि कम हुन्छ। सबै खोला उन्मादमा आएर धेरै खोला क्षतविक्षत बनाएको छ। यो किसानले जग्गा रोप्ने बेलामा जग्गा रोपुन् कि खोला संरक्षण गर्न जाउन्। त्यसलाई पनि सरकारले अहिलेदेखि नै ध्यान पक्कै दिन्छ भन्ने मैले आशा राख्या छु। हामीले पटक पटक भन्दै आएका थियौं- केही गर्नु पर्दैन। सिँचाइको समुचित व्यवस्था गरिदिओस्, र मल र बीउको टाइममा व्यवस्था भइदिएदेखि अझ पनि उब्जनी कतै गएको छैन हामीतिरै छ। एउटा समस्या छ त्यसमा कामदारको समस्या छ। तर प्रविधि युग पनि आइसकेको छ। हामीतिर त लाइसकेको छैन त्यो मेसिन। तर धेरैतिर लागू हुन गैराख्या छ। मशिनले पनि धान रोपाईं सुरु गरेको छ मान्छेले। त्यसले पनि उत्पादन बढाएर लान्छ। यसमा सरकार पक्कै गम्भीर भएर गर्नु नै हुन्छ भन्ने आशा गर्दै अब नयाँ मन्त्रीमण्डलका साथी यहीं हुनुहुन्छ। म सडकले पनि धेरै सप्तरीमा जर्जर अवस्थामा पर्या छु माननीय मन्त्रीज्यू। तपाईंको कार्यकालमा निश्चित हामीलाई पुरानो र बुढो सडक भन्ने बेली कुनौलोको सडकमा ध्यान जानेछ भन्ने आश गर्दैछु। र पुनः सम्माननीयज्यूलाई आग्रह गर्दै सम्माननीयज्यू मान्छेको त प्रमोसन हुन्छ हाम्रो त डिमोसन हुन थाल्यो सम्माननीयज्यू। अब चाहिँ नहोस् है, यति भन्दै धन्यवाद दिन चाहन्छु।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा। समय ८ मिनेट। त्यसपछि माननीय सदस्य किरणबाबु श्रेष्ठ।

(१४:११ बजे)**माननीय श्री विष्णुबहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, मौसम परिवर्तनका कारण देशैभर भीषण वर्षा भइरहे। कतै पहिरोको कारण कतै बाढी, कतै कटान त कतै चट्याङ पर्दा ठुलो धनजनको क्षति भइरहेको छ। सिमलतालमा पहिरो जाँदा पहिरोमा परेर दुइटा बसमा रहेका ६५ मध्ये ६२ जनाले ज्यान गुमाउनुपरेको घटनाले देशलाई मर्माहत बनाएको छ। केही महिना अगाडि भूकम्पले छिया छिया बनाएको जाजरकोट, रुकुम पश्चिमलाई यसपटकको वर्षाले समेत छाडेन। टहरामा बसिरहेको जनताको घर बास बाढी पहिरोले ध्वस्त मात्र बनाएन। जीउज्यान समेत छोडेन देशैभर वर्षाका कारण मृत्युवरण गर्नुहुने महानुभावहरूमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। शोक सन्तप्त परिवारमा गहिरो समवेदना प्रकट गर्न चाहन्छु। आफन्त, घरबार, जग्गा जमिन, अन्नपात गुमाएका नागरिकहरूको उचित राहतको व्यवस्था गरी नदीनाला, खोला, भीरपाखा, पखेराहरूमा बस्न बाध्य बनाइएका जनसमुदायको उचित व्यवस्थापनको लागि बस्ती स्थानान्तरणको व्यवस्था मिलाइयोस्। साथै यही भीषण वर्षात् र हावाहुरीका कारणले गर्दा कालीकोट जिल्ला नरहरिनाथ गाउँपालिका, सानी त्रिवेणी गाउँपालिका लगायतका स्थानहरूमा मकै भाँचेर नष्ट गरिदिएको छ। कतै बाढी, पहिरो, चट्याङले धनजन लगायत पाखा बारी, धान खेतहरू नष्ट गरिदिएको छ। अन्नबाली, घरखेत नष्ट गरिदिएकोले यो वर्षको बाली उब्जनीमा हानि हुने निश्चित भएको छ। नागरिकलाई राहतस्वरूप समयमै खाद्यान्नको व्यवस्था गर्न सम्माननीय अध्यक्षमार्फत नेपाल सरकारको ध्यान आकर्षण गराउन चाहन्छु।

भखरै असार ३१ गते हाम्रो देशले नयाँ सरकार पाएको छ। नवगठित मन्त्रिपरिषद्लाई समेत धन्यवाद दिन चाहन्छु। सफल कार्यकालको शुभ कामना पनि भन्न चाहन्छु। भीषण वर्षातका कारण देशैभरि सडकहरू अवरुद्ध छन्। तमाम पुलहरू भत्किएका छन्। जनताले आवतजावत गर्न एकदमै कठिनाइ भइरहेको छ।गाउँघरका झोलुङ्गे पुलहरू चुँडिएका छन्। बालबालिकाहरूको पढाइमा बाधा भएको छ। समस्याले शिखर चुमेको छ। कर्णाली प्रदेशको मेरुदण्डको रूपमा रहेको कर्णाली करिडोरको दर्जनौं स्थानहरूमा पहिरो जाँदा पुलहरू भत्किँदा आवतजावत बन्द भएको छ। कर्णालीका जनताले पाउँदै गरेको थोरै पनि सुविधा बन्द हुनाले कर्णालीमा खाद्यान्न सङ्कट पैदा भएको छ। खानेपानीको लाइन बन्द भएका छन्। कर्णालीका जनताको सङ्कटलाई मध्यनजर गरी सडकको ठाउँठाउँमा डोजर राखी बाटो खुलाउने र झोलुङ्गे पुलहरू निर्माण गरी

सङ्कटलाई न्यूनीकरण गर्न गराउन यथासक्य व्यवस्था मिलाई तयारी अवस्थामा राखिराख्न सम्माननीय अध्यक्षज्यूमार्फत नेपाल सरकारको ध्यान आकर्षण गराउन चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, अविरल वर्षाका कारण देशले सयौं नागरिक गुमाइरहेको बेला हजारौं पशु चौपायाको ज्यान गइरहेको बेला हजारौं बिगाहा जमिन र बालीनाली बाढीपहिरोले बगर बनाइरहेको बेला सयौं बेपत्ताहरूको लास खोजी कार्यमा देश जुटिरहेको बेला हजारौं घाइतेहरूको अर्ध मृत शरीरले शीघ्र उपचार खोजिरहेको बेला दुःखद् यस घडीमा यातायातका साधन परिचालनको प्रमुख शक्ति पेट्रोल, डिजेल र मट्टितेलको मूल्य वृद्धिले हाम्रो सरकारले दुःखी जनतामाथि पीडा थपिरहेको छ। पेट्रोलियम पदार्थको मूल्य वृद्धिले देश आक्रान्त भएको छ। अर्कोतिर जसले यही गर्न नपाएर छटपटिएकाहरू सरकारमार्फत जनताको ढाड सेक्ने मौका पाएकोमा खुसियाली छाएको छ, मनाइरहेका छन्। आज गाडी भाडा बढेर खाद्य, ढुवानी मूल्य बढेर जनताको पेटमा लात हानिरहेको छ हाम्रो सरकारले। यो सरकार कसको सरकार हो? कसको हितमा चाकरी गरिरहेको छ? यो अवस्था सिर्जना किन गरिरहेको छ? प्रश्न चिन्ह खडा भएको छ? भेल सरी रुवावासी परिरहेको नेपाली जनताको घाउमा मलहमपट्टी लगाउनुपर्नेमा मूल्य वृद्धि गरेर थप पीडा थपिरहँदा गलामा लगाइएका मालाहरू ओइलाउन नपाउँदै निधारका टीका झर्न नपाउँदै एकै दिनमा हाम्रो सरकारले एका बिहानै उही अनुहारमा कालो पोत्न पछि नपरेको आभाष दियो।

सम्माननीय अध्यक्ष महोदय, नेपालको संविधानको र संघीय लोकतान्त्रिक गणतन्त्रको व्यस्थाको मूल आत्मा नै समानुपातिक समावेशिता पनि हो। यस गठजोडको सरकारले नेपालको संविधान विपरीत नेपालको संविधानको मूल मर्म विपरीत मन्त्रिमण्डल घोषणा गरेको छ। नेपालमा बसोबासी ६० लाख दलित समुदायमाथि अपमान गरेको छ।यो नेपाली दलित समुदायमाथिको अत्याचार र शोषण पनि हो। जुन पार्टी नेपालकै ठुला पार्टी, ठुलै लोकतान्त्रिक पार्टी भन्ने पाठ सिकाउन ठुलै कसरत गर्दथे। उनीहरूले लोकतन्त्रको खिल्ली उडाएका छन् र समावेशिताको खिल्ली उडाएका छन्। के एमाले पार्टीमा, नेपाली कांग्रेस पार्टीमा मन्त्री हुन हैसियत राख्ने दलित नेताको अभावै हो त? के एमाले र नेपाली कांग्रेसलाई दलित समुदायले मतदान नगरेकै हुन् त? त्यस्तो त देख्दिनँ मैले? ती पार्टीहरूमा दलित मतदाता र दलित लिडरहरू क्षमतावान्, बौद्धिकवान् र नैतिकवान् देख्छु मैले त। के एमाले र नेपाली कांग्रेसले दलित लिडरहरू माथि फेरि पनि छुवाछुत गरेकै हो त? त्यसो हो भने एमाले र नेपाली कांग्रेसमा दलित नेता र समुदायले एकपटक साँच्चै सोच्नुपर्ने अवस्था आउन सक्छ। बरु दलित समुदायका लिडरहरू केही कमी कमजोरी रह्यो त? के संविधानै उल्ट्याउने झोंक र बदलाभाव आजैबाट दलित समुदायमाथि अपमान साँध्नुभएको हो। आजैबाट दलित समुदायलाई पाखा लगाउन खोज्नुभएको हो त? दिनको आँकलन बिहानले

गर्छ भनेको यही त हो? एमाले, नेपाली कांग्रेस पार्टीका लिडरहरूले दलित लिडरहरूले एउटा काम गर्न भने नसकेकै देख्छु मैले। त्यो क्षमता भएका लिडरहरू जो मन्त्री पदमा आसीन भएका छन्, उनीहरू सरह भ्रष्टाचार गर्न सकेनन्, उनीहरू सरह दलाली र अकूत सम्पत्ति कुम्ल्याउन सकेनन्। उनीहरू जस्तै गिरीबन्धु टी, नक्कली भुटानी शरणार्थी बनाउन, ललिता निवासलाई पोको पार्ने प्रकरण, टीकापुर, बाँसबारी जस्ता प्रकरणहरूमा सामेल हुन सकेनन्। यही कमजोरी भएर होला नि मन्त्री नबनाएको। सकभर खोलिएका र खोल्न थालिएका २५ वटै फाइलमा नाम दर्ज हुनुपर्छ। त्यति छैन भने २/४ वटा फाइलमा त नाम दर्ज नभएकाहरूलाई के को मन्त्रिपरिषद्मा दर्ज हुने नैतिकता हुन्छ? वास्तविकता यही हो।

गिरीबन्धु टी स्टेटका आरोपीहरू, नक्कली भुटानी शरणार्थी बनाएर आफ्ना देशका नागरिकहरूलाई अनागरिक बनाएर बिक्री गर्ने आरोपीहरू, यति, ओम्नी, ललिता निवास, बाँसबारी जग्गा लगायत आरोपीहरूलाई कानुनी दायरामा ल्याउनुको सट्टा उल्टै उपहारस्वरूप आसन प्रदान गरिनुले देशको शिर निहुरिएको छ। स्वाभिमानीहरूको कद खुम्चिएको छ। अब भ्रष्टाचारी र मानव तस्करहरूको राजीनामा माग्ने र सडक र सदनमा आन्दोलन गर्नेतिर देशलाई धकेलिएको छ।

सम्माननीय अध्यक्ष महोदय, भीमसेन स्तम्भ धरहराको निर्माण कार्य अहिले पनि टुङ्गिएको छैन, निर्माण कार्य भइरहेको छ। देशमा प्रधानमन्त्रीले २ वर्ष पहिले नै उद्घाटन गरेर समापन गरिसक्नु भयो।यसरी नेपालीलाई दिनदहाडै ठग्नेहरू नै आजको सरकारको नेतृत्व गरिरहेका छन्। हाम्रो धरहराले फेरि पनि उही अनुहार देख्दा गिज्याइरहेको छ। संविधान संशोधनको गफ चुटिएको छ। भनिन्छ समानुपातिक समावेशिता विरोधीहरूले संविधानमाथि धावा बोलिरहेकै थिए के भयो ख्याल त होला नि। हजारौं वर्षदेखि सामन्ती बर्बरताभित्र बाँच्न बाध्य पारिएका महिला, दलित, जनजाति, आदिवासी, मुस्लिम, थारु लगायत उत्पीडित क्षेत्र र उत्पीडित वर्गको उन्नति र प्रगतिलाई देख्न नचाहने सामन्ती प्रवृत्ति आज मात्र होइन हिजो पनि देखिएकै थियो। हिजो आन्दोलनकै समयमा देखिएकै थियो। बयलगाडे प्रवृत्तिले उत्पीडितहरूको मुक्ति, प्रगति र समुन्नति भएको व्यवहारतः देख्न चाहँदैन। साँच्चि उत्पीडित वर्ग र मुक्ति र उन्नति, प्रगति र समुन्नति भएको व्यवहार देख्ने हो भने, आत्मैबाट चाहेको हो भने पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा सहमति खोजियोस्। कार्यकारी राष्ट्रपति, कार्यकारी प्रदेश प्रमुखको लागि सहमति खोजियोस्। यो आँट गरेको हेर्न चाहन्छौं हामी उत्पीडितहरू..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य किरणबाबु श्रेष्ठ। समय १२ मिनेट। त्यसपछि माननीय सदस्य उदय बहादुर बोहरा।

(१४:२० बजे)**माननीय श्री किरण बाबु श्रेष्ठ (नेपाली काङ्ग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम अहिले मुलुकभर अतिवृष्टिका कारण बाढी, पहिरो र डुबानले नेपाली नागरिकहरूले ज्यान गुमाउन परिरहेको छ। धनजनको ठुलो क्षति भएको छ। र कैयौं मानिसहरू घाइते अवस्थामा छन्। यस दुःखद् घडीमा ज्यान गुमाउनुभएका समस्तजनमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु र घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। साथै पीडित नागरिकहरूलाई उचित व्यवस्था र राहतको लागि सरकारसमक्ष अनुरोध पनि गर्न चाहन्छु। आज मुलुकले फेरि एउटा नयाँ सरकार पाएको छ। नयाँ गठबन्धनको सरकार। बलियो गठबन्धनको सरकार। र ठुलो पार्टीहरूको सरकार। सरकार बन्नु, गठन हुनु र विघटन हुनु कुनै नौलो कुरा हैन। हाम्रो संविधानले, निर्वाचन प्रणालीले कसैको पनि स्पष्ट बहुमत नआउने अवस्थामा यो भई नै राखेको छ र यो अहिले पनि भएको छ, नौलो हैन। तर सरकार आएपछि कुनै पनि सरकारले पूर्ण कार्यकाल पूरा गर्न नसक्दा जति दिन बस्याछ, त्यो बसुन्जेल पनि कुनै राम्रो काम गरेको, राम्रो डेलिभरी दिन सकेको जनताले चाहिँ त्यो देखेका छैनन्। र जनताले सरकार आउनु र जानुमा कुनै उत्साह, कुनै खुसी अथवा दुःख पनि व्यक्त गरेका छैनन्। त्यसैले यस विषम परिस्थितिमा अहिले सरकारलाई जुन शक्तिशाली सरकार भनिएको छ। केही गर्न सक्ने, केही गर्ने एउटा सुवर्ण अवस्था पनि प्राप्त भएको छ। यो अवसरलाई नगुमाईकन काम गर्न सकेमा अहिले संविधानमाथि धावा बोल्नेहरूलाई पनि राम्रो जवाफ मिल्नेछ भन्ने मलाई लाग्छ। र एउटा कुरो हामी जब जब सरकार बाहिर हुन्छौं, सामाजिक सञ्जाल लगायत सभामा ठुल्ठुला कुरा गर्छौं, आलोचना गर्छौं, गुड्डी हाँक्छौं। तर सरकारमा पुगिसकेपछि काम गर्ने तौरतरिका, काम गर्ने वहाँको शैली, क्षमता कस्तो छ? हामीले देखिसकेका छौं, सबै नेताहरूको, सबै पार्टीहरूको। त्यसैले यो समय बलवान भएजस्तै यो समय प्राप्त भएको छ अहिलेको सरकारलाई। कि समयलाई रोक्न सकिँदैन तर त्यसलाई सदुपयोग गर्न सकिन्छ। एउटा इरानको रेजा पल्भी राजाले भनेजस्तै जब म इरानमा थिएँ, मैले इरानलाई चिन्न सकिनँ। तर म आज इरानमा छैन। अहिले इरानलाई बुझिरहेको छु, चिनिरहेको छु। त्यसकारण अहिले सरकारमा बस्ने समस्त मन्त्रीहरू यो अहिले प्रधानमन्त्री लगायत नयाँ टिम छ। यो टिमलाई त्यो रेजा पल्भीले भनेको भनाइलाई आत्मसात् गर्दै यो समयलाई अत्यन्त महत्त्व दिएर एउटा नयाँ काम, नयाँ डेलिभरी, जनतालाई राहत, जनताको जीवनस्तर उठाउने काममा सफल होस् । त्यो पनि आज म यस सम्मानित सभामार्फत् हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु। साथसाथै आज एउटा

राष्ट्रियसभाले पनि नयाँ मन्त्री पाएको छ, एउटा मात्रै मन्त्री। मन्त्री पनि अलि विशेष मन्त्री, शक्तिशाली मन्त्रालयको मन्त्री। त्यसकारण वहाँलाई पनि विशेष धन्यवाद दिन चाहन्छु। र सफलताको शुभकामना पनि व्यक्त गर्न चाहन्छु।

अब नेपालले हामी जति पनि राजनीति गर्ने नेतृत्व पङ्क्तिहरू छन्। एउटा सिंगापुरमा लि क्वान यु जस्ता जन्मेर एउटा समृद्ध सिंगापुर बन्न सक्दो रहेछ। महाथिर जस्तो वृद्ध व्यक्तिले पनि मलेसियालाई एउटा समृद्ध मलेसिया बनाउन सक्दो रहेछ। तर यो नेपालमा चाहिँ किन जन्मिएको छैन त्यस्ता महाथिर र लि क्वान यु जस्ता। यो कुरोलाई हामीले जबसम्म हृदयङ्गम गर्न सक्दैनौं। तबसम्म यो मुलुकको समृद्धि, यो मुलुकको विकासलाई अगाडि बढाउन सक्दैनौं भन्ने कुरा पनि हामीले महशुस गर्नुपरेको छ। एउटा भाष्य निर्माण भएको छ। युवाहरू आउनुपर्यो। युवाहरूले यो देश र मुलुकको निर्माणको लागि सशक्त भूमिका निर्वाह गर्न सक्छन्। त्यो निश्चित हो। युवाहरूमा जोश, जाँगर, उत्साह हुन्छ। तर त्यो मात्रै ठुलो कुरो हैन भन्ने कुरो मलेसियाको महाथिरले ९० वर्षको उमेरमा प्रधानमन्त्री भएर देखाइसक्नुभएको छ। त्यो मात्रै हैन नेपालकै सन्दर्भमा भक्ति थापा जस्ता योद्धा जो ७० वर्षको उमेरमा अंग्रेजहरूको युद्धमा नेतृत्व गरेर सहादत प्राप्त गर्नुभएको छ। त्यसकारण युवाहरूको जोश, जाँगर र उत्साह र जेष्ठ राजनीतिज्ञहरूको सुझ, बुझ र अनुभवलाई संगसंगै फ्युजन गरेर यो मुलुकलाई अगाडि बढाउनुपर्ने आजको आवश्यकता छ भन्ने मलाई लाग्छ। जेष्ठहरू ज्ञानका भण्डार हुन्, अनुभवले प्राप्त भएका व्यक्तिहरू हुन्। उनीहरूको अनुभवलाई उचित सदुपयोग गरेर युवाहरूले पनि अगाडि बढ्ने एउटा वातावरण तयार गर्नुपर्छ भन्ने मलाई लाग्छ। र आज यो सरकार साझा सरकार हो। प्रतिपक्षमा बसेको पनि सरकार हो। सत्तामा बस्ने पार्टीको पनि सरकार हो। यसले कसैलाई पनि पाखा र काखा बनाउनुपर्ने आवश्यकता छैन। तर हिजो जुन हामीले अनुभव गर्यौं- सत्तमा बस्नेको अभिमान, ठुल्ठुलो स्वर उच्छृङ्खल शब्दहरू जुन हामीले सुन्यौं सत्तामा बस्दाखेरि त्यो कुरालाई आजको सरकारले फेरि नदोहोर्याओस्। यो मुलुक अभिभावक बन्ने कोशिस गरोस् र प्रतिपक्षमा रहने साथीहरू, दलहरू वहाँहरूलाई पनि आज न्याउरो मुख लाउनुपर्ने कुनै आवश्यकता छ भन्ने मलाई लाग्दैन। किनभने सशक्त प्रतिपक्षको भूमिका निर्वाह गर्न चाहे सत्तामा होस्, चाहे बाहिर बसेर होस् वहाँहरूले सशक्त प्रतिपक्षको भूमिका निर्वाह गर्नको लागि एउटा महत्त्वपूर्ण अवसर पनि प्राप्त भएको छ भन्ने मलाई लाग्छ। आज हुन त यहाँ प्रतिशोधको ज्वालाले सबै पार्टीहरूलाई डढाएको छ। हामी महाभारतमा पढ्थ्यौं यदुवंशको नाश भएको कुरो। आफ्नै वंशभित्र लडाईं लड्दा लड्दा सबै वंश नाश भएर यदुवंशको जुन राज्य थियो, कृष्णको राज्य द्वारका नै समुद्रमा डुबेको हामीले हिजो इतिहासमा पढेका छौं। हामीले हाम्रो महाभारतमा देखेका, सुनेका छौं। आज त्यो नियति फेरि हामीले भोग्न नपरोस्। अब प्रतिशोधको

ज्वालामा हिजोका पुराना कुराहरू र पुराना कामकारवाहीलाई मात्रै उखेलेर त्यसलाई प्रतिशोध गर्ने होइन। आफूले पनि केही नयाँ काम गर्ने एउटा वातावरण देखाउन सकियो भने अनि मात्रै यसको नयाँ सरकारको पनि केही गरेको देखिन्छ भन्ने मलाई लाग्छ। अहिले केपी ओली जो सम्माननीय प्रधानमन्त्री हुनुहुन्छ। वहाँ पनि २ पटक प्रधानमन्त्री भइसकेपछि तेस्रोपटक भनेको वहाँको अनुभव छ। वहाँ पनि हिजो निर्विवाद व्यक्तित्व हैन। यो हामीले भन्नैपर्छ। अब त्यो भोलि कम विवादित भएर यो मुलुक निर्माणमा प्रधानमन्त्रीको भूमिका निर्वाह गर्न सकोस् र यसतर्फ म फेरि पनि शुभकामना व्यक्त गर्न चाहन्छु।

वास्तवमा आज म प्रदेश सरोकार समयमा बोल्दा अलि बढी राजनीतितिर गएँ। हुन त सबै कुरोलाई राजनीतिले नै कन्ट्रोल गर्ने हुनाले म एउटा राजनीतिक व्यक्ति पनि भएको हुँदा राजनीति बोल्न जाँदाखेरि त्यसलाई अन्यथा नठानिदिनुहुन पनि म अनुरोध गर्दछु। यो प्रदेश सरोकार समयमा बोल्दा हाम्रो नियमावलीमा स्पष्ट लेखिएको छ। संघीयता कार्यान्वयन, अन्तरतह समन्वय, सहकार्य, कानुन निर्माण, अन्तर सरकारी वित्त हस्तान्तरण एवम् प्रदेश तथा स्थानीय तहको विषयमा सीमित रही आफ्नो धारणा राख्नुपर्नेछ भनिएको छ। तर हामी यहाँ बोल्दा धेरै बहकिन्छौं। किनभने हामी राजनीतिक व्यक्तित्व हौं। राजनीतिक कुरा गर्नैपर्छ।

यद्यपि, मैले अब मैले प्रतिनिधित्व गरेको प्रदेश गण्डकी प्रदेशलाई सङ्क्षिप्त रूपमा त्यहाँका सरोकारका विषयमा यहाँ राख्ने निवेदन चाहन्छु। वास्तवमा गण्डकी प्रदेश नेपालको मध्य भागमा अवस्थित ११ वटा जिल्ला, ३० वटा प्रदेश क्षेत्र, १ महानगरपालिका, २६ नगरपालिका र ५८ गाउँपालिकाहरू रहेका छन्। गण्डकी प्रदेश सम्भावना नै सम्भावनाले भरिएको प्रदेश हो। मानव विकासको सूचकाङ्कमा यो प्रदेश अग्रस्थानमा रहिआएको छ। यस प्रदेशको भौगोलिक विशिष्टता, प्राकृतिक सुन्दरता, प्राकृतिक स्रोतको प्रचुरता, ऐतिहासिक सम्पदा, सांस्कृतिक विविधता र त्यसभित्रको एकता, सभ्यता र सहृदयता वास्तवमा गर्व गर्न लायक छन्। नेपाल एकीकरणको यस गौरवपूर्ण यात्रा प्रारम्भ गरेको यस प्रदेशले भाषिक एकीकरण, साहित्य सिर्जना, बौद्धिकता र मुलुकलाई सदैव दिशानिर्देश गर्दै आएको छ। यस प्रदेशमा रहेका सयौं, हजारौं वर्ष पुराना मठ, मन्दिर, मस्जिद र गुम्बाहरूले हाम्रा पुर्खाको वैभव र सभ्यतालाई झल्काइरहेको छन्। यस प्रदेशले संसारका सबैभन्दा धेरै जनसङ्ख्या भएका उदयीमान अर्थतन्त्र भएका मुलुक भारत र चीनलाई जोडेको छ। पर्यटनको राजधानी मानिने यो प्रदेशले ऊर्जा उत्पादन, औद्योगिक विकास र कृषि उत्पादनमा ठुलो फड्को मार्न सक्छ। आध्यात्मिक, धार्मिक पर्यटनका लागि जीवनका सर्वोच्च गन्तव्य भएको यस प्रदेश हरिहर क्षेत्र पनि हो। त्यसैले यहाँको सुन्दरता र अनुकूल हावापानी यसलाई शिक्षा, स्वास्थ्य, आध्यात्मिक साधना तथा खेलकूदको अन्तर्राष्ट्रिय केन्द्रको रूपमा विकास

गर्न सकिन्छ। यस प्रदेशभित्र उत्तरमा चीन जोड्ने कोरला र लार्के नाका तथा दक्षिणमा भारत जोड्ने त्रिवेणी नाका छन्। उद्योगका लागि कच्चा पदार्थको उपलब्धता छ। युवा जनशक्तिको बाहुल्यता छ। तापनि औद्योगिकरण हुन सकेको छैन। लगानीमैत्री वातावरण बनाई लगानीकर्ताको स्वर्ग (Heaven for Investor) को रूपमा विकास गर्नु आज यो प्रदेशको आवश्यकता भएको छ। त्यसरी नै कोरोला नाका, त्रिवेणीदेखि कोरोला नाकाको मार्ग जुन यो प्रदेशको सबैभन्दा महत्त्वपूर्ण मार्ग हो। यसलाई समयमा नै सम्पन्न गरेर पूर्ण रूपमा सञ्चालन गर्न सकेमा केवल प्रदेशको मात्रै हैन समग्र मुलुकको पूँजीलाई चलायमान गर्न सक्ने अवस्था पनि यो प्रदेशले बोकेको छ। त्यसैले हिमाल र प्राकृतिक सुन्दरता बोकेको यो प्रदेशमा पर्यटनको ठुलो सम्भावना छ। हिमाल हेरेर सकिँदैन। प्राकृतिक सौन्दर्य हेर्दाहेर्दै विलुप्त हुँदैन। इतिहास मेटेर कहिल्यै मेटिँदैन। यी सबै पर्यटनका लागि पूर्वाधार हुन्। यसलाई विकास गरी समृद्धिको आधार बनाउन सकिन्छ। त्यसैले अहिलेको सरकारले गण्डकी प्रदेशलाई विशेष महत्त्व दिओस् र मैले अघि नै भने झैं यो प्रतिशोधको ज्वालामा नगईकन परिवर्तन गर्ने काम True revenge is not to kill the person but to change the person भने जस्तै साँचो अर्थमा बदला लिने हो भने हामी परिवर्तन गरौं। उसको मन परिवर्तन गरौं। आफ्नो पक्षमा लागौं। त्यही नै सबैभन्दा ठुलो परिवर्तन हुन्छ र त्यही नै सबैभन्दा ठुलो प्रतिशोध हुन्छ। प्रतिशोधको चाहिँ हामीले त्यो एउटा रूप दिन सक्यौं भने यो मुलुक पनि सुन्दर हुन्छ। यो मुलुकको जनतालाई पनि सुखी सम्पन्न बनाउन सकिन्छ। धन्यवाद। जय नेपाल।

<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य उदय बहादुर बोहरा। समय ६ मिनेट। त्यसपछि माननीय सदस्य सुरेश कुमार आले मगर ।

(१४:३२ बजे)<u>माननीय श्री उदय बहादुर बोहरा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:-सम्माननीय अध्यक्षज्यू, सर्वप्रथम म सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको नेतृत्वमा नयाँ सरकार गठन भएको छ। त्यो सरकारका सबै मन्त्रीज्यूहरूलाई र प्रधानमन्त्रीज्यूलाई कार्यकाल सफलताको शुभकामना दिन चाहन्छु। र २ वटा दलको खास गरेर मुलुकका वरिष्ठतम् शक्तिशाली २ वटा दल मिलेर त्यसमा अरु पनि हुनुहुन्छ। सरकार बनेको छ। पक्कै पनि हामीले आशा गरेका छौं। यो जनजीविकाको सवालमा। यो विभिन्न स्थिरता चाहे राजनीतिक होस् चाहे आर्थिक होस् यो सबै कुराहरूमा यो सरकारले अग्रगति लग्नेछ भन्ने हामीले आशा गरेका छौं। तर सरकारको विरोध गर्ने समय भएको छैन। किनभने यो सरकारले अहिले पनि विश्वासको मत लिएको छैन। तर मलाई भन्न मन एउटा के लाग्यो भने सम्माननीय अध्यक्षज्यू, नेपाली जनतालाई हाम्रो

संविधानको धारा २७ ले सूचनाको हक प्रदान गरेको छ। र २ वटा पार्टीको मिडियमा आए अनुसार राति १२ बजे एउटा सम्झौता भएको छ- ७ बुँदे भन्ने, त्यो बाहिर आएको छैन। त्यो संविधानको धारा २७ अनुसार सूचनाको हकलाई कतै यो कुण्ठित गरिएको त छैन? त्यसो भएको हुनाले त्यो सार्वजनिक होस्। म सम्माननीय अध्यक्षज्यूमार्फत अनुरोध गर्न चाहन्छु। अर्को कुरो, अविरल वर्षाका कारण मुलुकले ठुलो धनजनको क्षति बेहोरेको छ। यो नेपाल र नेपालीको नियति नै भइसक्यो पहिलोपटक होइन। तर पनि यो त्रिशूलीमा कति पानी आयो, कति बाढी आयो। नेपालमा कति प्रधानमन्त्री भए, कति सरकार आए। तर पनि यसको स्थायी समाधान के हो? यो हाम्रो नियति हो कि नेपालीको, यदि हैन भने सरकारले दिर्घकालीन योजना अहिलेसम्म सोचेको कुराहरू चाहिँ कहीं कतै तिर देखिँदैन। त्यसो भएको हुनाले यो स्वाभाविक रूपले कमजोर भू-भाग यो मुलुकको, यो प्राकृतिक प्रकोपहरू आउँछ। तर पनि यसको के हो भन्देखिलाई सबैमा यसको समाधान गर्नको लागि हामीले त्यो भन्दा पहिल्यै सुरक्षाका उपायहरू कसरी अवलम्बन गर्ने भन्ने बारबार हामीले यहाँबाट चाहिँ उठाउँछौं, कराउँछौं। तर सरकारले सुन्दैन। अब यो अहिलेको सरकारले सुन्छ कि आशा गरौं। र म यो धनजनबाट, वर्षाबाट जुन दुःखद् घटनाहरू भएका छन्। ठुलो धनजनको क्षति भएको छ। यसमा धेरैको मृत्यु भएको छ। म त्यो मृतक हुने सम्पूर्ण जनहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। र पीडित परिवारहरूलाई सहानुभूति प्रकट गर्दछु। साथै आगामी दिनहरूमा यस्ता खालका घटनाहररु नदोहोरिउन्। सरकारलाई फेरि पनि म सचेत गराउन चाहन्छु। र सम्माननीय अध्यक्षज्यू, अब यो हामीले यो कर्णाली त साँच्चिकै भन्नुहुन्छ भने २ वर्ष लगभग लगभग २ वर्ष अगाडि गएको भूकम्पको पीडा नमेटिंदै त्यसको घाउमा खाटा नबस्दै फेरि यो बाढी पहिरोको ठुलो प्रकोपबाट पीडित छ। र कर्णालीमा पनि २२ जनाको मृत्यु भएको छ। र अझै यो वर्षातको कारणले कति क्षति हुन्छ त्यो भन्न सकिने अवस्था छैद्। त्यसो भएको हुनाले अहिले पनि ती भूकम्प पीडितहरू आश्रय पाइरहेका छैनन्। औषधी उपचरार पाइरहेका छैनन्। र थप अहिले जुन अवस्था आयो जुन परिवेश अहिले हामीले चाहिँ भोग्दैछौं बाढी प्रकोपको, बाढी पहिरोको। यसले पनि थप ठुलो समस्याहरू निम्त्याएको छ। यसलाई सरकारले तदारुकताका साथ राहतको प्रबन्ध गरोस्। औषधि उपचारको प्रबन्ध गरोस्। यातायात सुचारु गराउनको लागि पहल गरोस् र मैले यहीं आफ्ना कुराहरू राख्दै अब धेरै ल्याएको थिएँ — प्रादेशिक सरोकारको विषयवस्तुहरू। तर पनि समयको कारण यहाँ राख्न नपाएको जानकारी गराउँदछु। र म अहिलेलाई यति आफ्ना कुराहरू राख्दै बिदा हुन्छु। धन्यवाद।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य सुरेश कुमार आले मगर। समय ८ मिनेट। त्यसपछि माननीय सदस्य तुलसा कुमारी दाहाल।

(१४:३९ बजे)**माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, सबभन्दा पहिले त देशैभरि बाढी पहिरोले थुप्रै मान्छेहरूको जुन मृत्युवरण भएको छ। सम्पूर्णहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु। वहाँहरूको शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्न चाहन्छु, गहिरो समवेदना व्यक्त गर्न चाहन्छु। अझै पनि थुप्रै मान्छेहरू बेपत्ता भएका छन्। तिनीहरूको खोजतलास सरकारले तदारुकताका साथ गरोस् भन्ने सम्माननीय अध्यक्ष महोदयमार्फत जोडदार माग राख्न चाहन्छु। भर्खरै हाम्रो प्रदशले नयाँ सरकार पाएको छ। सम्माननीय प्रधानमन्त्रीज्यू लगायत सम्पूर्ण मन्त्रिमण्डलका माननीय सदस्यज्यूहरूलाई हार्दिक बधाई दिन चाहन्छु। सफलताको लागि सबैले कामना गरे, मैले पनि नगर्ने कुरै भएन। सफलताको लागि शुभकामना व्यक्त गर्न चाहन्छु। त्यसको साथसाथै पूर्ण कार्यकालको लागि पनि शुभकामना व्यक्त गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, हाम्रो देश गण्डकी प्रदेशको बारेमा त माननीय किरणबाबु श्रेष्ठले धेरै कुराहरू बताइसक्नु भयो। त्यसैले त्यसलाई मैले दोहोर्याइरहनु परेन। मात्र के कुरा भन्न चाहन्छु भन्दाखेरि मुग्लिनदेखि नारायणगढसम्मको जुन बाटो छ, त्यो धेरै जोखिमपूर्ण छ। त्यसले धेरै धनजनको क्षति गरेको छ। त्यसैले एउटा वैकल्पिक बाटोका रूपमा उसको पारि गण्डकी प्रदेशको तनहुँ जिल्ला हुँदै एउटा बाटो निर्माण गरियोस्, त्यसतर्फ यो सरकारको ध्यान जाओस्। र मुग्लिनदेखि पोखरासम्म जुन बाटो निर्माण भएको छ, त्यो धेरै सुस्त गतिमा अगाडि बढेको छ, त्यो शीघ्रातिशीघ्र पूरा गर्नेतर्फ पनि सरकारले कदम चालोस्। सम्माननीय अध्यक्ष महोदयमार्फत यो कुरा राख्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, एउटा मध्य रातमा केही निशाचरहरूका बीचमा एउटा सहमति जुरेछ। त्यसैबाट प्रेरित, उत्साहित र उद्वेलित भएर मेरो दिमागमा पनि एउटा कविता फुरेछ, त्यो यहाँ प्रस्तुत गर्न चाहन्छु- मेरो कविताको शीर्षक छ-

उता २ बुढाहरू, यता २ ठुलाहरू

उता २ बुढाहरू अझै ङ्यारङ्यार ङुरङुर गर्दैछन्
र यो ङ्यारङ्यार ङुरङुर सायद यो आगामी नोभेम्बरमा अन्त्य होला
यता २ ठुलाहरू भने पहिले पहिले त ङ्यारङ्यार ङुरङुर गर्दै थिए

तर अकस्मात् एक मध्य रात ङ्यारङ्यार ङुरङुर अन्त्य गर्दै
र सबैलाई चकित पार्दै
अहिले एक अर्काको गाला चाटाचाट
अङ्कमाल गर्दैछन्।
पहिले ङ्यारङ्यार ङुरङुर
त्यो पनि ठिकै थियो
अहिले गाला चाटाचाट
त्यो पनि अच्छै छ।
तर कुरो यति मात्र हो, तर कुरो यति मात्र हो
यदि यस्तै गर्नु थियो भने
पहिले गरेको भए हुन्थ्यो
त्यसो गरेको भए
भारेभुरे सबै बात हुन्थे
साना साना पार्टीहरू
सबै पत्तासाफ हुन्थे
भन्नलाई त भनिँदैछ, भन्नलाई त भनिँदैछ
यो सहमति राजनीतिक स्थायित्वका लागि
सुशासनका लागि,
आर्थिक सुधार र विकासका लागि
तर यी सबै त भन्ने र सुन्नेका कुरा न हुन्
किन कि
यथार्थतः अन्ततः
किस्सा कुर्सीकै हो
यथार्थतः अन्ततः
किस्सा कुर्सीकै हो
सहमति अन्ततः
सत्ताकै लागि हो
कसैलाई प्रतिपक्षमा बस्नुको पीडा
कसैलाई कुर्सी नपाइने हो कि भन्ने भय
इतिहासले भन्छ- विगतमा बहुमत हुँदा पनि

राजीतिक अस्थिरता देखिएकै हो
विगतमा बहुमत हुँदा पनि
भ्रष्टाचारका अनेकौं कथाहरू लेखिएकै हो
बिचरो विधायिकामाथि निर्ममतापूर्वक
कहिले गिरिजा अस्त्र र
कहिल खड्ग प्रहार गरिएकै हो
इतिहासले भन्छ- विगतमा बहुमत हुँदा पनि
राजीतिक अस्थिरता देखिएकै हो
विगतमा बहुमत हुँदा पनि
भ्रष्टाचारका अनेकौं कथाहरू लेखिएकै हो
विचरो विधायिकामाथि निर्ममतापूर्वक
कहिले गिरिजा अस्त्र र
कहिल खड्ग प्रहार गरिएकै हो

बिचरो विधायिकालाई थला पारिएकै हो
त्यति मात्र होइन
यो बुबा चिनेकै बराजु हुन्
बुबा भनेको मैले — बुबा, बा, पिता, फादर भनेको हैन
बुबा भनेको — बुढानीलकण्ठ र बालकोट, यो दुईटाको एब्रिभेसन
त्यति मात्र होइन
यो बुबा चिनेकै बराजु हुन्
यी दुई ठुलाहरू जनताले पटक पटक
धेरै पहिलेदेखि नै जोखेकै तराजु हुन्
हेर्दाहेर्दै आँखा टट्टाएका
चाख्दा चाख्दा उल्टी हुने गरी अघाएका
जेठा र माइला दाजु हुन्
त्यो मध्य रात
यो मध्य रात
त्यो मध्य रात

यो मध्य रात
मध्य रातमा हुने रहेछ
निशाचरहरूको सलबलाहट
अनि हुने रहेछ
घात प्रतिघात
त्यो मध्य रातमा एउटा घर ढल्यो
सम्माननीय अध्यक्ष महोदय,
त्यो मध्य रातमा एउटा घर जल्यो
यो मध्य रातमा एउटा विश्वास जल्यो
त्यो मध्य रातमा एउटा घर ढल्यो
यो मध्य रातमा एउटा घर जल्यो
तर आश्चर्य, तर आश्चर्य
यी दुई ठुलाहरूलाई
मध्य रातमा दिव्य ज्ञान कसरी भयो?
यी दुई ठुलाहरूलाई
मध्य रातमा दिव्य ज्ञान कसरी आयो?
मध्य रातमा यिनको घैंटोमा घाम कसरी लाग्यो?
कि बेचन झाको गिरफ्तारीले
तिनलाई बेचैन बनायो
र तिनको बेचैनी बढायो?
मध्य रातमा तिनलाई दिव्य ज्ञान कसरी आयो?
मध्य रातमा यिनको घैंटोमा घाम कसरी लाग्यो?
कि बेचन झाको गिरफ्तारीले
तिनलाई बेचैन बनायो
र तिनीहरूको बेचैनी बढायो?
दुई ठुलाहरूप्रति
यस्तै यस्तै
ठुल्ठुला शङ्का उपशङ्काहरू
जनताले पालेका छन्
दुई ठुलाहरूप्र त, तर्फ

यस्तै यस्तै
ठुल्ठुला प्रश्नहरू
जनताले पालेका छन्
दुई ठुलाहरूप्रति
यस्तै यस्तै
ठुल्ठुला शङ्का उपशङ्का
जनताले पालेका छन्
दुई ठुलाहरूतर्फ
यस्तै यस्तै ठुल्ठुला प्रश्नहरू
जनताले पालेका छन्।

हुन त सम्माननीय अध्यक्ष महोदय, जगजाहेर छ, सबैलाई थाहा छ- के को प्रश्न, के को शङ्का उपशङ्का, मैले यहाँ कवितामा लेख्दिएको मात्रै हो। अब केही अरु विषय।

सम्माननीय अध्यक्ष महोदय, कविताले भ्याएन। समय पनि बच्यो, केही अरु कुरा राखौं। अँ यतिबेला धेरै कुराहरू त आइसकेका छन्। केही कुरा मैले यो कविताजस्तो कविता, कविता त सायद हैन होला। कविता जस्तो कवितामा पनि व्यक्त गरें। तर केही कुरा बाहिर आएका छन्। अझै सायद आउन बाँकी नै होलान्। त्यो प्याण्डोराज बाकसबाट केही कुरा खुल्न बाँकी नै होला। त्यसमा हाम्रो सरोकार- अब के के हो? त्यो त थाहा छैन। तर समानुपातिक समावेशी प्रतिनिधत्वको जुन कुरा छ, त्यसतर्फ पनि जुन एउटा प्रहार हुनेवाला छ भन्ने हामीले सुनेका छौं। यदि त्यसो गरियो भने ठुलो दुर्भाग्य हुनेछ। यो देशका उत्पीडित आदिवासी जनजाति, दलित, मधेशी, मुस्लिम, महिला लगायत सबै सबैले यो एउटा महत्त्वपूर्ण उपलब्धिलाई दृढतापूर्वक रक्षा गर्नेछन्। त्यसो गर्दाखेरि सायद देशमा फेरि एउटा अनिष्ट पनि हुन सक्छ। त्यसैले यो दिशातर्फ यी हाम्रा जेठा दाई र माइला दाईहरूको ध्यान जाने छ भन्ने कुरा राख्न चाहन्छु र त्यो अनिष्ट यो देशमा ल्याउने दुष्प्रयास नगरियोस् भन्ने कुरा पनि राख्दै मेरो भनाइ यहीं टुङ्ग्याउन चाहन्छु। धन्यवाद। अभिवादन।

<u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य तुलसा कुमारी दाहाल। समय ७ मिनेट। त्यसपछि माननीय सदस्य ।

(१४:४७ बजे)<u>माननीय श्री तुलसा कुमारी दहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम म नयाँ सरकार सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली लगायत सम्पूर्ण मन्त्रिमण्डलमा रहनुहुने माननीयज्यूहरूलाई हार्दिक बधाई र कार्यकाल सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु। सम्माननीय अध्यक्ष महोदय, हाम्रो देशमा जुन जलवायु परिवर्तन र मौसमी वर्षाको प्रतिकूलताले ठुलो जनजनको क्षति गरेको छ। विज्ञहरूले गरेको अनुमान सावित हुने हो कि भन्ने पनि लागिरहेको छ। र अहिलेसम्म १२५ जनाको निधन भइसकेको छ। चितवनको सिमलटारमा खसेको २ वटा बस अझै पत्ता लागेको छैन। खोजी कार्य भइरहेको छ। केहीका पार्थिव शरीरहरू प्राप्त भएका छन्। केहीको अझै प्राप्त हुन बाँकी छ। म जीवन गुमाउनु भएकाहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु। खोजी कार्यलाई तीव्रता दिन नेपाल सरकारलाई आग्रह गर्छु र समस्त शोकसन्तप्त परिवारमा हार्दिक समवेदना व्यक्त गर्दछु।

सम्माननीय अध्यक्ष महोदय, कैलाली जिल्लाको धनगढी उपमहानगरपालिका फूलबारी निवासी स्यानी आले मगर र दाङ तुल्सीपुर उपमहानगरपालिकाको लालुमाया थापा मगर दलालीहरूकोमार्फत रोजगारीको सिलसिलामा घरेलु कामदारको रूपमा कुवेत पुग्नुभएको छ। वहाँहरूमाथि जुन घरमा काम गर्दै हुनुहुन्छ त्यही घरमा शारीरिक, मानसिक शोषण भइरहेको छ। उद्धारको लागि सामाजिक सञ्जालमार्फत वहाँहरूले अपिल गरिरहनुभएको छ। र म स्यानी आले मगर, लालुमाया थापा मगरको सकुशल उद्धार गरी स्वदेशमा ल्याउन र गैर कानुनी रूपमा प्रतिबन्धित मुलुकमा पठाउने दलालहरूलाई कानुनी दायरामा ल्याई कारवाही गर्नको निम्ति नेपाल सरकार र परराष्ट्र मन्त्रालयलाई हार्दिक अनुरोध गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, आज हामी प्रादेशिक सरोकारको समयमा आफ्ना केही धारणाहरू राखिरहेका छौं, जसमा संघीयता कार्यान्वयन अन्तरतह समन्वय सहकार्य कानुन निर्माण अन्तरतह वित्तीय हस्तान्तरणसम्बन्धी विषयमा आफ्ना केही थोरै भनाइ राख्न चाहन्छु। मधेश प्रदेश अन्न भण्डारको प्रदेश हो। यो प्रदेशमा सिँचाइ, मल, बीउ, औजार, आधुनिक सीप र बीमा र उत्पादित वस्तुको समर्थन मूल्य तोक्न सकियो र बिक्रीवितरणलाई भण्डारण गर्न सकियो भने फेरि पनि अन्न भण्डारको रूपमा विस्तार गर्न सकिन्छ। यो प्रदेशको पूर्वमा सुनसरी जिल्ला, पश्चिममा चितवन, दक्षिणमा भारतको सीमाना पर्दछ। सामाजिक र सांस्कृतिक परम्परा, मूल्य मान्यताहरू, प्रचलनहरू अरु प्रदेशको तुलनामा केही भिन्नता यो प्रदेशमा छ। प्रदेशलाई राष्ट्र विकासको आयामको रूपमा पनि यो मधेशलाई जोड्न सकिन्छ। शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षाका विषयहरू महत्त्वपूर्ण रहेका छन्। यस प्रदेशमा रहेका भूमिहीन, सुकुम्बासी, गरिबीको चपेटामा रहेका समुदायको हितमा काम गर्न आवश्यक छ। दहेज प्रथा, महिला, बालबालिका हिंसा, कुरीतिको

संस्कार, गरिबी निवारण, बोक्सी प्रथा, बाल विवाह लगायत विषयको विरुद्ध विशेष योजना बनाएर अभियान सञ्चालन गर्न आवश्यक छ। समाजमा जरो गाडेर बसेको सामाजिक विभेद, असमानता र कुरीतिलाई सांस्कृतिक प्रचलनको नाममा पितृसत्तात्मक सोच र मानसिकताले झन् मलजल गरिरहेको छ। यो प्रदेशमा ८ वटा जिल्ला भएको जिल्लागत हिसाबले सानो प्रदेश हो। जनसङ्ख्याको हिसाबले यो प्रदेशमा संसदीय निर्वाचनको हिसाबले यो संसदीय निर्वाचन क्षेत्र ३२, उपमहानगरपालिका ३, महानगर १, नगरपालिका ७३, गाउँपालिका ५९ गरी १३६ वटा स्थानीय तह जो रहेको छ।ऐतिहासिक र पुरातात्विक केन्द्रको रूपमा जानकी जन्मस्थान जनकपुर पनि यसै प्रदेशमा पर्छ। जानकी मन्दिर, विवाह मन्दिर, राम मन्दिर, राजदेवी मन्दिर, छिन्नमस्ता मन्दिर, कलंकाली देवी मन्दिर, गढीमाई मन्दिर परापूर्व कालदेखि नै प्रचलित रहेका छन्। पोखरी र कुण्डहरू, सागरहरू, जलाशयहरू पर्यटकको हिसाबले महत्त्वपूर्ण प्रदेश पनि हो। मधेश प्रदेशमा भाषागत रूपमा नेपाली, मैथिली र भोजपुरी बोल्ने गरिन्छ। प्राचीन किंवदन्तीअनुसार विदेह वंशले राज्य सञ्चालन गरेको राजधानी मिथिला बनाएको पनि किंवदन्ती रहेको छ। धार्मिक र सांस्कृतिक धरोहरको केन्द्रको रूपमा रहेको मधेश प्रदेशको राजधानी जनकपुर हो भने व्यापारिक, आर्थिक हिसाबले एकमात्र महानगरपालिका पर्सा जिल्लाको वीरगञ्ज हो। यो प्रदेशको स्रोत भनेको संघबाट प्राप्त गर्ने अनुदान राजश्व बाँडफाँड ससर्त अनुदान, समपूरक र विशेष अनुदान लगायत स्थानीय तहमार्फत् सवारी साधन, घरजग्गा रजिष्ट्रेसन, मनोरञ्जन कर, विज्ञापन कर, प्राकृतिक कर, सेवाशुल्क दस्तुर लयातका आन्तरिक आम्दानीका स्रोतहरू हुन् भनी कर्मचारी तलब, सेवा सुविधा, कार्यालय व्यवस्थापन, उद्योग कलकारखाना स्थापना, शिक्षा, स्वास्थ्य कृषि उत्पादनको क्षेत्रमा लगानी यी खर्चका शीर्षकहरू हुन्।

प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीहरू संघबाट परिचालित हुँदा संघीय मानसिकताको सोच पाईन्छ। र कतिपय प्रदेशमा गएका कर्मचारीहरू पनि त्यहाँ बस्न नसक्ने अवस्थाहरू सिर्जना भइरहेको छ। संघ र प्रदेशको साझा अधिकार सूची, संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची अनुरूप ऐन बन्न आवश्यक छ र बनिरहेको छैन। ऐनको अभावमा विकासका आयोजनाहरू, साझा परियोजनाहरूको वर्गीकरण गर्न स्पष्ट मापदण्ड बनाउन, स्रोतको सदुपयोग गर्न, दोहोरोपन हटाउन, पहलकदमी लिन सरकारले पहल गर्नुपर्छ। ३ तहको सरकारको बीचमा अन्तर समन्वय, अन्तरतह सहकार्य विषयमा रानीतिक संघीयता, वित्तीय व्यवस्थापन परिचालन र प्रशासन संघीयता जस्ता विषयमा अन्तरसहयोग अस्तित्वको सिद्धान्तको आधारमा संविधान र ऐनमार्फत गरिएका व्यवस्थाहरूमा चल्ने र बन्न बाँकी कानुनहरू निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ। प्रदेश र स्थानीय तहको अन्तर तह तथा विवाद समाधान ऐनमार्फत जनतालाई छिटो, छरितो र

गुणस्तरीय सेवा र न्यायको लागि पहल गर्न पनि उत्तिकै आवश्यकता छ। यस प्रदेशले अघि सारेको बेटी पढाउ, बेटी बचाउ अभियानलाई निरन्तरता दिनुपर्नेछ। कृषि उत्पादनमा वृद्धि गर्नुपर्नेछ, फलफूल, नगदे बालीको रूपमा रहेको उखु उत्पादनका कुराहरू र माछा पालन, चूरे संरक्षणका विषयहरू, नदी पोखरीहरूको संरक्षण, पुनर्भरणका विषयमा पनि त्यत्तिकै ध्यान दिन आवश्यक छ। लैङ्गिक बजेटमार्फत सामाजिक, सांस्कृतिक चेतना चरम गरिबीको पीडामा रहेकाहरूलाई उठाउने समुदायको तथ्याङ्कहरू सङ्कलन गर्न र यो प्रदेशलाई फेरि पनि अन्न भण्डारको रूपमा विकास गर्नको निम्ति नेपाल सरकारले सोच्न आवश्यक छ। सामाजिक सुरक्षाका विषयमा अहिले मधेश प्रदेशमा हुने अहिले बाढी र पहिरोको विषय जुन चाहिँ आइरहेको छ। यो विषयमा पनि विशेष रूपमा चाहिँ सतर्कता अपनाउन र बनेका घरहरूलाई चाहिँ खोलाको नदीको छेउहरूमा बन्न नदिन डुबान हुने बस्तीहरूमा चाहिँ ती बस्तीहरू बसाल्न नदिनको निम्ति पनि योजना बनाउनुपर्नेछ। सूचना त प्राप्त भएका छन्। तर घर सार्न सकिँदैन। मान्छे त भलै यो सूचनाबाट पर भाग्ला तर घर नसार्ने हुँदा अहिले डुबानले भरिएको यो प्रदेश भएको हुनाले विशेष रूपमा नेपाल सरकारले बनाउनको निम्ति आग्रह गर्दछु। हस्, धन्यवाद।

(१४:५४ बजे)सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू प्रादेशिक सरोकार समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू, सभाको मिति २०८१ असार २० गते बसेको बैठकमा माननीय सदस्य शारदा देवी भट्टले प्रयोग गर्नुभएका शब्दहरूप्रति सभाका माननीय सदस्य पदम बहादुर परियारबाट नियमापत्ति भएको सन्दर्भमा सचिवालयलाई भएको निर्देशन बमोजिम अध्ययन गर्दा माननीय सदस्यले "लुला, लङ्गडा" भन्ने शब्दहरू प्रयोग गर्नुभएको पाइएको र उक्त शब्दहरू राष्ट्रियसभा नियमावली २०७५ को नियम २१ को खण्ड(घ१) को व्यवस्था विपरीत भएको देखिएको हुँदा उक्त सभाहरू सभाको अभिलेखबाट हटाउन सचिवालयलाई निर्देशन दिन्छु।

माननीय सदस्यहरू, राष्ट्रपतिको कार्यालयबाट विधयेक प्रमाणीकरणसम्बन्धी पत्र प्राप्त हुन आएको छ। अब म उक्त पत्रको बेहोरा जानकारी गराउँछु।

विषयः विधेयक प्रमाणीकरण गरी पठाइएको।

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएको देहाय बमोजिमको विधेयकहरूको प्रमाणीकृत प्रति थान १/१ यसैसाथ सङ्लग्न राखी पठाइएको बेहोरा अनुरोध गर्दछु।

| क्र.सं. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|
| १. | आर्थिक विधेयक, २०८१ | २०८१/०४/०१ |
| २. | राष्ट्र ऋण उठाउने विधेयक, २०८१ | २०८१/०४/०१ |
| ३. | भन्सार महसुल विधेयक, २०८१ | २०८१/०४/०१ |

(डिल्ली राम शर्मा)
सचिव
२०८१ साउन १

माननीय सदस्यहरू, अब म, सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फबाट माननीय भौतिक, पुर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहाललाई "थारू आयोगको पाँचौ वार्षिक प्रतिवेदन, २०७९/८०" सभा समक्ष पेस गर्न समय उपलब्ध गराउँछु।

(१४:५७ बजे)माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहालः-

सम्माननीय अध्यक्ष महोदय,

अध्यक्ष महोदयको अनुमतिले थारू आयोग, नेपालको पाँचौ वार्षिक प्रतिवेदन, २०७९/८० यस सम्मानित सभासमक्ष पेस गर्दछु। धन्यवाद ।

(१४:५७ बजे)सम्माननीय अध्यक्षः-माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८१ साल साउन ७ गते सोमबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८१ साल साउन ७ गते सोमबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो)।

स्थगितः १४:५८ बजे।